का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ कातिक २०८२
आइतबार
9 November 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक २६९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

नेपालको संविधानले आदिवासी जनजातिका भाषा, संस्कृति, पहिचान र अधिकारलाई संविधानमै समेट्दै समानुपातिक प्रतिनिधित्वलाई संवैधानिक दायरामा ल्यायो। यद्यपि व्यवहारिक रूपमा आदिवासी जनजातिको सहभागिता अझै पनि सीमित देखिन्छ।

## जनजातिलाई शिक्षक हुनै गाह्रो

- **कुल शिक्षक** । ९५,२८३
- **आदिवासी जनजाति** । ११.३ प्रतिशत



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

समाज रूपान्तरणको एउटा महत्वपूर्ण सूचक हो- शिक्षा । कस्तो शिक्षकले कस्तो शिक्षा दियो भन्नेले आगामी पुस्ता तयार गर्दछ । यति महत्वपूर्ण ठाउँमा आदिवासी जनजातिको प्रतिनिधित्व भने ज्यादै न्यून देखिन्छ ।

आदिवासी जनजाति आयोगका अनुसार नेपालमा कुल ९५ हजार २८३ शिक्षक कार्यरत छन् । तीमध्ये ११.३ प्रतिशत आदिवासी जनजाति समुदायका छन् ।

आयोगले नेपालको सार्वजनिक निकायहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व सम्बन्धमा अध्ययन गरेको छ। अध्ययन प्रतिवेदनले शिक्षण पेशमा रहेका आदिवासी जनजातिहरूमध्ये आदिवासी जनजाति शिक्षक पुरुषको प्रतिनिधित्व ६२.८ प्रतिशत महिलाको ३७.२ प्रतिशत रहेको देखाएको छ ।

तहअनुसार विश्लेषण गर्दा, प्राथमिक तहमा १२.१ प्रतिशत, निम्न माध्यमिक तहमा ९.३ प्रतिशत र माध्यमिक तहमा ८.२ प्रतिशत प्रतिनिधित्व छ । यी तहहरूमा पुरुषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ९.८ प्रतिशत, २३.७ प्रतिशत र २७.६ प्रतिशत बढी छ ।

अध्ययनले एकातिर शिक्षण पेशामा आदिवासी जनजातिको प्रतिनिधित्व न्यून देखाएको छ भने अर्कोतिर प्रतिनिधित्वमा पनि स्पष्ट लैंगिक असमानता देखिन्छ । प्रतिवेदनमा भनिएको छ, 'शैक्षिक विद्याश्रममा कुनै पनि आदिवासी जनजातिको उपस्थिति छैन । उच्च तहमा प्रतिनिधित्व न्यून हुनु र महिलाको सहभागिता कम रहनु समावेशीकरणका लागि चुनौतीपूर्ण देखिन्छ ।'

अध्ययनमा उल्लेख भएअनुसार विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनहरूसँगै आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न नेपाल सरकारले वि.सं. २०५२ सालमा जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गरेको थियो । त्यसपछि वि.सं. २०५४ सालमा राष्ट्रिय जनजाति विकास समिति र वि.सं. २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन जारी भयो । उक्त ऐनमार्फत ५९ जातिलाई आदिवासी जनजातिको सूचीमा समावेश गरिएको थियो ।

अर्थात, औपचारिक रूपमा आदिवासी जनजातिको पहिचान स्वीकार गरे पनि राज्यका विभिन्न निकायमा उनीहरूको सहभागिता बढाउने ठोस उपाय अपनाइएन । वि.सं. २०६२/०६३ को जनआन्दोलनपछि नेपालको अन्तरिम संविधान २०६३ जारी >>> पृष्ठ २ मा

## सर्वपक्षीय सरकारमा बल गर्दै दल



जेनजीका नाममा बनाइएका दर्जन बढी समूहले सरकारलाई फरकफरक ढंगबाट दबाब दिइरहेका र अर्कोतिर दलका नेताहरूसँगको सघन संवादले सर्वपक्षीय सरकारको कसरतलाई सहयोग पुग्ने देखिन्छ

● **विष्णु पन्थी**
**विश्लेषक**

सुरुमा राजनीतिक दल र तीनका नेताहरूसँग संवाद नै नगर्ने बताएकी प्रधानमन्त्री सुशीला कार्कीले पछिल्लोपटक दल र जेनजीका अगुवाहरूसँग पटकपटक छलफल चलाएकी छन् । दलका नेताहरूको अनुहार नै हेर्न नहुने भनेका आन्दोलनकारी जेनजी अगुवाहरूले पनि नेताहरूसँगको सम्बन्धलाई विस्तारै सुधार गर्दै लगेका छन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

प्रतिनिधि सभा विघटनलाई स्वीकार गर्दै ६ महिनाभित्र चुनाव गराउने जिम्मेवारी तोकेर गठन गरिएको सुशीला कार्की ननेतृत्वको अन्तरिम सरकारको विकल्पमा राजनीतिक दलहरूले मत बलियो बनाउँदै लगेका छन् । जेनजी आन्दोलनको सत्ता उलटफेरपछि अभिभावकविहीन बनेको मुलुकलाई अस्थामयी अभिभावकत्व दिनका लागि असोज २७ गते राति कार्कीको नेतृत्वको नागरिक गठन भएको थियो ।

जेनजी आन्दोलनका बेला दल र जेनजीबीच देखिएको तिक्तता विस्तारै सौहार्दताउन्मुख भएसँगै सर्वपक्षीय सरकारको एजेन्डालाई अघि सारिएको हो । आन्दोलनको रापले भागाभाग भएका प्रमुख राजनीतिक दलहरू विस्तारै लयमा फर्किएसँगै उनीहरूले जेनजीका मुद्दा सम्बोधन गर्न यो सरकारको विकल्प खोजिनुपर्ने बताउँदै आएका हुन् । भदौ २३ को मानवीय विध्वंशलगत्तै नेपाली कांग्रेसका नेता विमलेन्द्र निधीले राजनीतिक व्यवस्था, प्रणालीमाथि नै खतरा उत्पन्न भएको भन्दै केपी ओली नेतृत्वको सरकारबाट कांग्रेस अलग भएर राष्ट्रिय वा सर्वदलीय सरकार बनाउनुपर्ने बताएका थिए । तर त्यसबेला खासै नसुनिएको निधीको आवाज आन्दोलनको करिब दुई महिनापछि गुञ्जिन थालेका हो । केही दिनअघि पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओलीले वर्तमान संकट समाधानका लागि बुँदे मार्गचित्र अघि सार्दै प्रतिनिधि सभाको पुनर्स्थापना र सर्वपक्षीय सरकारको आह्वान गरे । उनले प्रतिनिधि सभाबाट तुरुन्तै संविधान संशोधन गरी संसद् सदस्य नरहेको व्यक्ति पनि चुनावी सरकारको प्रयोजनका लागि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था गर्न र जेनजीसहितको सहभागितामा सर्वपक्षीय सरकार गठन हुनुपर्ने माग >>> पृष्ठ २ मा

## २५ दिनमै ढल्यो मधेश सरकार



प्रदेश सभालाई नियन्त्रणमा राखेर संघीयतालाई नै समाप्त पार्ने खेल भइरहेको छ। आगामी समयमा जसले बहुमत पुऱ्याउँछ उसले सरकार वैधानिक ढंगले बनाओस् भन्ने अभिप्रायले मैले मार्ग प्रशस्त गरे।

● **जितेन्द्र सोनल**
**मुख्यमन्त्री, मधेश प्रदेश**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २२ कात्तिक

गत असोज ३० गते पद तथा गोपनीयताको सपथ लिएका मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले पदबाट राजीनामा दिएका छन् । शनिवार प्रदेश सभामा विश्वासको मत लिने कार्यसूची थियो । तर उनले विश्वासको मत पाउने आधार नदेखेपछि राजीनामा दिएका हुन् । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उनको राजीनामा स्वीकृत गरिन् । सधैं किचलोका बीच गठन >>> पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

## मलेसियाले एक वर्षमा ३ लाख बढी विदेशी कामदार घटायो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ कात्तिक

आफ्नो देशमा कामदार पठाउन पाँच वर्षमा कम्तिमा ३ मुलुकमा ३ हजार कामदार पठाएको हुनु पर्ने मापदण्ड बनाउने मलेसियाले आफुले भने एक वर्षको अवधिमा ३ लाख २० हजारको हाराहारीमा विदेशी कामदार घटाएको छ । गत अक्टोबर १५ सम्ममा मलेसियामा कुल २१ लाख ३२ हजार ५ सय ७८ वैधानिक रूपमा दर्ता भएका विदेशी कामदारहरू रहेका छन् । गत वर्ष अक्टोबरमा उक्त संख्या २४ लाख ५२ हजार १० रहेको थियो । प्रतिशतका हिसाबले यो संख्या १३ प्रतिशतले कमी हो ।

मलेसियाका उप-मानव संशाधनमन्त्री अब्दुल रहमान मोहम्मदले यो गिरावटले सबै क्षेत्रहरूमा विदेशी कामदारमाथिको निर्भरता घटाउन सरकारको निरन्तर प्रयास सफल भएको देखिएको बताए ।

म्यानुफ्याक्चरिङ क्षेत्रमा ६ लाख २२ हजार ३ सय ८८, कन्स्ट्रक्सन क्षेत्रमा ५ लाख ८९ हजार ६ सय ८४, सेवा क्षेत्रमा ३ लाख ९० हजार ६ सय ७, प्लान्टेसन क्षेत्रमा २ लाख ६३ हजार १ सय ३१, कृषि >>> पृष्ठ २ मा

### एकीकृत संस्थाका व्यवसायी कता ?

**काठमाडौं/मस**– विभाजनपछि नेकपा एकीकृत समाजवादी तीन चिरा भएपनि उक्त पार्टी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था एक ढिक्का रहेको छ । पार्टी विभाजन भएपछि उक्त संस्थामा आबद्ध केही वैदेशिक रोजगार व्यवसायीले राजनीति नगर्ने भन्दै निष्क्रिय बस्ने बताएको र अधिकांशले पार्टीको मुल नेतृत्व नेपाली कम्युनिष्ट पार्टीमा समावेश भएकाले सोही >>> पृष्ठ २ मा

*हाम्रो नेता माधव नेपालले त मलाई बिदाइ दिनुस् भन्ने तरिकाले बोल्नुभएको थियो । यो सम्मेलनपछि हुने महाधिवेशनबाट म बिदा लिन्छु, पढ्छु, लेख्छु, डुल्छु, अनुभव बटुल्छु भन्ने तरिकाले कुरा गर्नुभएको छ। सम्भवतः कमरेड प्रचण्डको पनि सोच त्यही होला । उहाँहरू बीचमा यो सहमति भएको छ ।*

## प्रचण्ड–माधवले नयाँ जेनेरेसनलाई जिम्मेवारी छाड्नुहुन्छ

**मेटमणि चौधरी**
**नेता, नेपाली कम्युनिस्ट पार्टी**



विस्तृत अन्तर्वार्ता
पृष्ठ ५ मा

स्वदेशी वस्तुको प्रयोग गरौं ।

- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-
- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी वस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा विक्री मुल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायवाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ ।

*स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ उक्त व्यवस्थाको पालना गरौं र गराऔं !*

नेपाल सरकार
विज्ञापन बोर्ड

# फरार कैदीबन्दी र लुटिएका हतियार फिर्ता ल्याउन विशेष अपरेसन

**काठमाडौं/मस-** गृहमन्त्री ओमप्रकाश अर्यालले फरार कैदीबन्दी र लुटिएका हतियार फिर्ता ल्याउन सरकारले विशेष अपरेसन सञ्चालन गर्ने भएको छ ।

शनिबार काठमाडौंमा महासंघद्वारा आयोजित राष्ट्रिय बृहत् आर्थिक बहस २.० लाई सम्बोधन गर्दै उनले यसमा नागरिक स्तरको तहबाट पनि सहयोग आवश्यक रहेको बताए ।

सुशासन दिन सकेन भने द्वन्द्व दोहोरिनसक्ने उनले बताए । उनले अहिलेसम्म जेनजी आन्दोलनका क्रममा लुटिएका ७ सय १० वटा हतियार फिर्ता भइसकेको र केही अझै फिर्ता हुन बाँकी रहेको बताए । आन्दोलनका क्रममा १४ हजार ५ सय ४९ जना फरार रहेकोमा ९ हजार ५ सय २१ जना फिर्ता आइसकेको र अझै पाँच हजार १ सय ५ जना बाहिर रहेको उनले बताए । गृहमन्त्री अर्यालकाअनुसार अझै ३५ प्रतिशत कैदीबन्दी फरार छन् ।



उनले भने, 'सुशासन दिन सकेन भने द्वन्द्व दोहोरिन पनि सक्छ भन्ने एउटा ठुलो म्यासेज अहिले दिएको छ । त्यो अवस्था सत्ता परिवर्तनको मात्रै होइन सुरक्षा संकट नै निम्तिन सक्छ । हतियारको विषय वस्तु छ । ७ सय १० वटा हतियार फिर्ता गरिसकेका छौं । कतिपय डढेका पनि छन् । केही फिर्ता हुन बाँकी छ । कैदीबन्दीहरु अहिलेसम्म १४ हजार ५ सय ४९ जना फरार भएकोमा ९ हजार ५ सय २१ जना (६५ प्रतिशत) फिर्ता भइसकेका छन् । केही संख्या अझै पनि बाहिर छ । पाँच हजार १ सय ५ जना अहिले पनि बाहिर छन् । हतियार र कैदीहरुलाई फिर्ता गर्नको लागि पटक पटक सूचना निकालेर आइदिनुस्, हतियार फिर्ता दिनुस् पनि भनेका छौं । अझै बाहिर हुनुहुन्छ । त्यसलाई विशेष अपरेशन चलाउँछौं । यसमा नागरिक स्तरको तहबाट पनि सहयोग चाहिन्छ ।'

उनले कानुनी राज्यको जगेर्ना गर्नु आफ्नो दायित्व भएको बताए । सरकार र निजी क्षेत्र एक अर्काको परिपूरक भएको बताउँदै निजी क्षेत्रको दायित्व अर्थतन्त्रको जगेर्ना गर्नु भएको उनले बताए । सरकार थप रचनात्मक भएर अघि बढ्ने प्रतिबद्धता जनाए ।

# साउदीस्थित दूतावास र पत्रकार महासंघबीच श्रमिक समस्या समाधानबारे छलफल

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरब, २२ कात्तिक



साउदी अरबमा कार्यरत करिब ४ लाख नेपाली श्रमिकको हकहित र समस्या समाधानका मुद्दालाई प्राथमिकतामा राख्दै साउदीस्थित नेपाली दूतावास र अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजी) शाखा साउदी अरबबीच भेटघाट तथा परिचयात्मक अन्तरक्रिया सम्पन्न भएको छ ।

हालै नवगठित पत्रकार महासंघ शाखाले दूतावासमा आयोजित उक्त भेटघाटमार्फत श्रमिकका समस्या-विवाद, कानूनी सहयोग, दुर्घटनापछिको व्यवस्थापन, उद्धार र सहज सम्पर्क प्रणालीको सुदृढीकरणसम्बन्धी विषयमा दूतावासका प्रतिनिधिसँग विस्तारपूर्वक छलफल गरेको हो ।

कार्यक्रमले श्रमिकको पहुँच र संरक्षणमा सहकार्य-समन्वयलाई प्रभावकारी बनाउने साझा प्रतिवद्धता व्यक्त गरेको छ ।

कार्यक्रममा महासंघका प्रमुख सल्लाहकार अमर सापकोटा, अध्यक्ष विष्णु घिमिरे, महासचिव राजु खनाल, सञ्चार तथा अनुशासन संयोजक राज चेम्जोङ लिम्बू, प्रवक्ता लोकेन्द्र खड्का, सदस्य एल.बी. सिर्पाली लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

त्यसैगरी दूतावासतर्फबाट लेबर काउन्सिलर कविराज उप्रेति र द्वितीय सचिव दिसेश सिवाकोटी लगायतका अधिकारीहरू उपस्थित थिए । यस अवसरमा महासंघतर्फबाट नवनियुक्त कार्यवाहक राजदूत सृजना अधिकारीलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गरिएको थियो । छलफलका क्रममा कार्यवाहक राजदूत अधिकारीले महासंघ र नयाँ कार्यसमितिलाई शुभकामना दिँदै श्रमिक हितका विषयमा दूतावास सधैं सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

दुवै संस्थाले सूचना प्रवाहलाई पारदर्शी, सहज र श्रमिकमैत्री बनाउने, आवश्यक परेमा संयुक्त आपतकालीन सहयोग अभियान सञ्चालन गर्ने तथा समुदायस्तरमा कानूनी सचेतना र काउन्सिलिङ कार्यक्रम अघि बढाउने सहमति जनाएका छन् । यस भेटघाटलाई साउदीमा कार्यरत लाखौं नेपाली श्रमिकको सुरक्षाबोध, अधिकार संरक्षण र समस्या समाधानका लागि दूतावास-समुदाय-पत्रकार त्रिकोणीय सहकार्य सुदृढ हुने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# तनहुँमा दैनिक ४० राहदानी वितरण

**तनहुँ/मस-** जिल्ला प्रशासन कार्यालय तनहुँले शुक्रबारदेखि दैनिक ४० वटा राहदानीको कोटा निर्धारण गरेको छ । कार्यालयमा हाल राहदानी विभागबाट एक वटामात्र स्टेशन प्राप्त भएको र सोही एक स्टेशनमार्फत सेवा प्रवाह भइरहेकाले शुक्रबार बिहान १०:३० बजेदेखि (प्रत्येक शुक्रबार) प्रत्येक हप्ताका लागि ४० वटाको सङ्ख्यामा राहदानीका लागि अनलाइन कोटा खोलिएको कार्यालयले जनाएको छ ।

जेनजी आन्दोलनका क्रममा कार्यालयमा भएको तोडफोड र आगजनीका कारण राहदानी शाखामा भएका विद्युतीय राहदानी सेवा सम्बन्धी



सम्पूर्ण सामग्री जलेर नष्ट भएको थियो । राहदानी विभागबाट एकवटा मात्रै स्टेशन प्राप्त भएको र सेवाग्राहीको चाप उच्च रहेकाले विद्युतीय राहदानीका लागि आवेदन प्रविष्टि, प्रमाणित र वितरणका लागि कोटा निर्धारण गरिएको प्रशासकीय अधिकृत विकास श्रेष्ठले जानकारी दिए । राहदानीको विषयमा अनाधिकृत व्यक्तिको भर नपर्न र त्यस्ता व्यक्तिहरुबाट हुनसक्ने ठगीबाट सावधान रहन कार्यालयले आग्रह गरेको छ । विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग भएको सम्झौता अनुसार आगामी फागुन ११ बाट राहदानी पुस्तिका सहज आपूर्ति हुने हुँदा अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीहरुले मात्र राहदानीका लागि आवेदन गर्न राहदानी विभागले सूचना जारी गरेको छ ।

# नि:शुल्क आँखा शिविरबाट ८०० बढी लाभान्वित

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २२ कात्तिक

रास्कोट नगरपालिका, नेपाल नेत्रज्योति संघ र हिमालय आँखा अस्पताल, घारिपाटन पोखराको संयुक्त आयोजनामा प्रादेशिक रणनीतिक अस्पताल रास्कोटमा सञ्चालन भएको नि:शुल्क आँखा शिविरबाट ८०० भन्दा बढी सेवाग्राही लाभान्वित भएका छन् ।



शिविरमा ४३३ जना महिला र ३७६ जना पुरुष गरी कुल ८०९ जनाले सेवा लिएका छन् । तीमध्ये ८५ जनाको सफल शल्यक्रिया गरिएको अस्पताल व्यवस्थापक डा. कौशल न्यौपानेले जानकारी दिए ।

२०८२ कात्तिक २२ गतेसम्म सञ्चालन भएको शिविरमा आँखा जाँच, औषधि वितरण, परामर्शदेखि शल्यक्रियासम्मका सेवा नि:शुल्क प्रदान गरिएको अस्पताल स्रोतले जनाएको छ । आँखासम्बन्धी समस्या भएका रास्कोट नगरपालिका तथा छिमेकी पालिकाका नागरिकलाई सहज र पहुँचयोग्य सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल नेत्रज्योति संघ तथा हिमालय आँखा अस्पताल, घारिपाटन पोखराको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो ।

## जनजातिलाई...

भएसँगै आदिवासी जनजातिको आवाज मूलधारमा समावेश हुन थालेको हो ।

संविधानसभामा ३८ आदिवासी जनजातिका २१६ जना सभासद निर्वाचित भएका थिए । ति सभासदहरूले आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न संविधानमै विशेष प्रावधान राख्न माग गर्दै आदिवासी जनजाति सभासद सभा निर्माण गरे । जसअन्तर्गत आदिवासी जनजाति आयोग गठन भएको हो ।

संविधानसभाले आदिवासी जनजातिका अधिकार सुरक्षित गर्न समानुपातिक प्रतिनिधित्वको व्यवस्था तथा संवैधानिक आयोगको स्थापनाको माग गरेको थिए । सोही दबाबकै कारण नेपालको संविधान २०७२ मा आदिवासी जनजाति आयोगको संवैधानिक व्यवस्थापन गरिएको हो ।

आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न वि.सं. २०७४ सालमा आदिवासी जनजाति आयोग ऐन जारी गरिएको थियो । यसै ऐनको अधिनमा रही आदिवासी जनजाति आयोगको स्थापना भएको हो । वि.सं. २०७७ सालमा संवैधानिक परिषद्को सिफारिसमा आदिवासी जनजाति आयोगका पदाधिकारीहरू नियुक्त भई आयोग औपचारिक रूपमा कार्यान्वयनमा आएको हो ।

नेपालको संविधान २०७२ ले आदिवासी जनजातिका भाषा, संस्कृति, पहिचान र अधिकारलाई संविधानमै समेट्दै समानुपातिक प्रतिनिधित्वलाई संवैधानिक दायरामा ल्यायो । यद्यपि व्यवहारिक रूपमा आदिवासी जनजातिको सहभागिता अझै पनि सीमित देखिन्छ । आदिवासी जनजातिको सहभागिता बढाउन भूमिका खेल्ने शिक्षण पेशामा पनि उनीहरूको सहभागिता ११.३ प्रतिशत हाराहारीमा मात्रै छ ।

## सर्वपक्षीय...

अघि सारेका थिए । यो अवस्थामा उनले फागुन २१ गते नै निर्वाचन हुन सक्ने दाबी गरेका थिए । एमालेले संस्थागत रूपमै संसद पुनर्स्थापनामा जाने निर्णय लिएर सांसदहरूको हस्ताक्षरसमेत गरिसकेको छ ।

सुरुमा राजनीतिक दल र तीनका नेताहरूसँग संवाद नै नगर्ने बताएकी प्रधानमन्त्री सुशीला कार्कीले पछिल्लोपटक दल र जेनजीका अगुवासँग पटकपटक छलफल चलाएकी छन् । दलका नेताहरूको अनुहार नै हेर्न नहुने भनेका आन्दोलनकारी जेनजी अगुवाहरूले पनि नेताहरूसँगको सम्बन्धलाई विस्तारै सुधार गर्दै लगेका छन् । उनीहरूले बरू वर्तमान सरकारको काम कारबाहीप्रति नै शंका व्यक्त गर्दै आलाचना गर्न थालिसकेका छन् । सुशीला कार्की नेतृत्वको सरकार बनाउन र मन्त्रीहरू छनोटमा समेत महत्वपूर्ण योगदान गरेका जेनजी अगुवा सुदन गुरुङ सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालमाथि खनिन थालेका छन् ।

गृहमन्त्री अर्यालको कार्यशैलीप्रति असन्तुष्ट गुरुङले उनको राजीनामा नै माग्न थालेका छन् । यसले सरकारको आयुमाथि प्रश्न उठाएको छ । अर्कोतिर राष्ट्रपति र प्रधानमन्त्रीसँगको छलफलमा जेनजी र पुराना दलका नेताहरूबीचको सामूहिक छलफलले सर्वपक्षीय सरकारको ढोका खुल्न सहजीकरण गर्ने विश्लेषण भइरहेको छ । 'जेनजीका नाममा बनाइएका दर्जनबढी समूहले सरकारलाई फरकफरक ढंगबाट दबाब दिइरहेका र अर्कोतिर दलका नेताहरूसँगको सघन संवादले सर्वपक्षीय सरकारको कसरतलाई सहयोग पुग्ने देखिन्छ,' विश्लेषक विष्णु पन्थीले भने, 'तर चुनावी सरकारलाई सबै सरोकारवालाले सहयोग गरेर राष्ट्रको समस्या समाधान चुनावबाटै खोज्नुपर्छ । अन्यथा नसच्चिए फेरि समस्या गिजोलिन सक्छ ।'

संसद् पुनर्स्थापनासँगै सर्वदलीय सर्वपक्षीय अन्तरिम सरकारका लागि पुराना राजनीतिक दलका नेताले पहल थालिसकेका छन् । तर त्यसरी सरकार बनाउँदा अहिलेसम्म सत्तामा नपुगेका र भ्रष्टाचारको दाग नलागेका व्यक्तिको खोजी भइरहेको नेताहरूले बताएका छन् । नेपाली कम्युनिस्ट पार्टीका नेता मेटमणि चौधरीले सर्वपक्षीय सरकार बनाएर अगाडि बढ्नुपर्ने बताए । उनले मध्यान्हसँग भने, 'अहिलेको चुनावी सरकार आफैंले चुनाव गराउनुपर्छ भन्ने ठाउँमा छैन । राजनीतिक दलबीच एउटा सहमति गरेर संसद् पुनर्स्थापना गर्ने र सर्वपक्षीय अन्तरिम सरकार गठन गरेर आमचुनाव गर्न लाग्नुपर्छ । त्यसले मात्रै जेनजी आन्दोलनको माग पूरा गर्न सक्छ ।'

संसद पुनर्स्थापनाससँगै युवालाई समेत समेटेर सर्वपक्षीय अन्तरिम सरकार बनाएर चुनावको डिक्लेयर गरेर जानुपर्ने उनको तर्क छ । 'जेनजी र राजनीतिक दलहरूको बीचमा एउटा सहमति गरेर संसद् बिताउने, सर्वपक्षीय अन्तरिम सरकार बनाएर अगाडि बढियो भने उहाँहरूले उठाएको प्रत्यक्ष कार्यकारिणीको चुनावको कुरा पनि हुन सक्छ,' उनले भने । भ्रष्टाचारको अन्त्य, सुशासनको प्रत्याभूति र सामाजिक सञ्जाल निर्वाच सञ्चालनको मुद्दा बोकेर सडकमा निस्किएका युवाको शान्तिपूर्ण आन्दोलन हिंसात्मक बन्दै अन्ततः जेनजीले राज्य सत्ता कब्जा गरेका थिए । त्यसपछि राष्ट्रपति राचन्द्र पौडेल, नेपाली सेना र जेनजीबीच तीन दिनसम्मको सघन छलफलपछि पूर्वप्रधानन्यायाशीध सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाइएको थियो । सो सरकारले आगामी फागुन २१ का लागि प्रतिनिधि सभाको निर्वाचन गर्ने तयारी गरिरहेको छ । तर निर्वाचनका मुख्य सरोकारवाला दलहरू भने निर्वाचन हुनेमा विश्वस्त छैनन् । निर्वाचनभन्दा सरकार परिवर्तनको विषय उनीहरूले जोड दिएका छन् ।

## २५ दिनमै...

हुँदै ढल्दै गर्ने मधेश प्रदेश सरकार नटिक्नुको कारण संसद्मा कसैको पनि बलियो मत नहुनु हो ।

प्रदेश सभालाई नियन्त्रणमा राखेर संघीयतालाई नै समाप्त पार्ने खेल भइरहेको आभास भएकाले आफूले राजीनामा दिएको सोनालले बताए । लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् नगर्नेहरू प्रदेश सभा नै विघटन गर्नेतर्फ लागि परेको उनको आरोप छ ।

'प्रदेश सभालाई नियन्त्रणमा राखेर संघीयतालाई नै समाप्त पार्ने खेल भइरहेको छ । आगामी समयमा जसले बहुमत पुऱ्याउँछ उसले सरकार वैधानिक ढंगले बनाओस् भन्ने अभिप्रायले मार्ग प्रशस्त गरें', उनले भने ।

संघीयता र प्रदेशलाई समाप्त गर्ने खेल भएकाले चिया खाने नाममा, पिसाब फेर्ने नाममा बाहिर गएर विश्वासको मत असफल बनाउने काम भएको उनको भनाइ छ । सोनालले भने, 'सत्ता पक्षका माननीयहरू कोही केही बेरका लागि बाहिर गएका छन्, कोही खाजा खान निस्किएका थिए । त्यो देखेर आफूले सभामुखलाई आधा घण्टा रोकेर वातावरण बन्न दिन आग्रह गरें । तर पटक पटक बेल बजाइ नै राखेपछि म राजीनामा दिने निर्णयमा पुगें ।'

लोसपाका सोनल जसपा नेपाल, जनमत, माओवादी केन्द्र, एकीकृत समाजवादी, नागरिक उन्मुक्तिलगायतको समर्थनमा मुख्यमन्त्री बनेका थिए । उनलाई समर्थन गरेका जनमत पार्टी विभाजन भएपछि उनलाई आफ्नै दलका सांसदले विश्वासको मत नदिने घोषणा गरेका थिए । १०७ सदस्य प्रदेश सभामा प्रदेश सभामा सरकार बनाउनका लागि ५४ जना सांसदको आवश्यक पर्छ ।

जनमतबाट पार्टीमा सनाखत गरेका निवर्तमान मुख्यमन्त्री सतिशकुमार सिंह र त्रिभुवन शाह प्रदेश सभामा बैठकमा अनुपस्थित थिए । मधेश प्रदेश सभामा सत्ता गठबन्धन लोसपाको ८, जसपा नेपालको १८, जनमतको १३, नेकपा माओवादी केन्द्रको ९ र एकीकृत समाजवादीको ७ सिट छ । नागरिक उन्मुक्ति पार्टीले उनलाई विश्वासको मत दिने निर्णय गरिसकेको छ । तर मत दिने आश्वासन दिएको संघीय समाजवादी पार्टीका सांसद बिमला अन्सारी अनुपस्थित भएकी थिइन् । माओवादी केन्द्रका प्रदेश सांसद रहवर अन्सारी र माला राईले सदनमै विद्रोह गरेका थिए ।

## मलेसियाले ...

क्षेत्रमा १ लाख ५८ हजार ६ सय २८, घरेलु कामदार १ लाख ७ हजार ३ सय ७५ र खानी तथा उत्खनन क्षेत्र ७ सय ६५ जना विदेशी कामदार रहेका छन् ।

मन्त्री अब्दुल रहमानले विदेशी कामदारहरूको भर्ना हाल निर्माण, सेवा, वृक्षारोपण, कृषि, खानी र उत्खनन गरी ६ वटा मुख्य औपचारिक क्षेत्रमा सीमित रहेको र अनौपचारिक क्षेत्रमा विदेशी घरेलु सहयोगीहरूलाई मात्र अनुमति दिइएको बताए ।

उनले स्थानीय कामदारहरूको भर्नालाई प्रोत्साहन गर्न विशेष गरी अर्धदक्ष र दक्ष क्षेत्रहरूमा धेरै पहल सुरु गरिएको बताए ।

उनले २०२३ मार्च १८ मा नयाँ विदेशी कामदार कोटा र आवेदनहरूका लागि स्वीकृतिहरू रोक्ने सरकारको निर्णयलाई कायम राख्दै २०२६ देखि सुरु हुने बहुस्तरीय लेवी संयन्त्र लागू गर्ने बताए ।

उनले स्थानीय कार्यबल वृद्धि र पुनः सीप बढाउन एचआरडी क्रोप, ट्यालेन्ट ग्रुप र सामाजिक सुरक्षा संगठन (प्रसकेसो) जस्ता एजेन्सीहरूमार्फत स्वदेशी र अन्तरराष्ट्रिय कम्पनीहरूसँगको सहकार्यमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमहरूको कार्यान्वयनलाई पनि बलियो बनाउँदै लगेको बताए ।

## एकीकृत...

पार्टीको नीतिअनुसार संगठित हुने योजना रहेको बताएको तत्कालीन एकीकृत समाजवादीका केन्द्रीय सदस्यसमेत रहेका संस्थाका महासचिव मधुकर रिजालले जानकारी दिए ।

संस्थाका सचिव अनिल बोगटीले पनि निष्क्रिय बस्न चाहने बाहेक सबै व्यवसायी एकैठाउँ क्रियाशील हुने बताए ।

गत कात्तिक १९ गते नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, नेकपाको चिरन पुन समूह, नेकपा (समाजवादी माओवादी), जनता समाजवादी पार्टी, नेकपा (समाजवादी), नेकपा साम्यवादी, देशभक्त मोर्चालगायत राजनीतिक पार्टी र समूह एकीकृत भई नेपाली कम्युनिष्ट पार्टी बनेको थियो ।

यी दल निकट व्यवसायीका बीचमा सहकार्य एकता हुने भएपछि वैदेशिक रोजगारका क्षेत्रमा तेस्रो ठुलो शक्तिका रूपमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतको शक्तिमा बढोत्तरी हुने मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङले बताए । उनले पार्टीको पत्रपछि एकीकरणको प्रक्रियालाई अघि बढाउने बताए । एकीकृत संस्थामा क्रियाशील रहेका केही व्यवसायी भने नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा फर्किने तयारीमा रहेको बताइएको छ । तर को कता लाग्ने आधिकारिक रूपमा खुल्न बाँकी रहेको बताइएको छ ।

**डिभिजन वन कार्यालय,**
**रुकुम (पूर्वीभाग)**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/०७/२३ गते ।**

यस कार्यालयबाट सिस्ने सव डिभिजन वन कार्यालयको भवन निमार्ण गर्न ठेक्का प्रकृया (e-bidding)बाट वोलपत्र आह्वान गरिएकोमा निर्धारित समय भित्र रितपुर्वक दर्ता भएका बोलपत्रहरू मध्ये निम्न बोलपत्र न्युनतम मूल्यांकित सारभुतरूपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), (३) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका वोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक रु. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | DFO-RE/Works/NCB/082-083/1 | सिस्ने सव डिभिजन वनकार्यालयको कार्यालय भवननिर्माण | श्री ग्रिन कन्सट्रक्सन, मुसिकोट न.पा. ४, रुकुम (पश्चिम) | ५६,०४,९०५.६१ |

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
**महांकाल काठमाडौं**

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२३ गते)**

चालू आ.व. २०८२/०८३ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामग्री विद्युतीय बोलपत्रको माध्यम (e–bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NTrC/G/NCB/09-082/83 | The Procurement of Supply and Delivery of Generals Instruments | 3,000/- | 1,45,000/- | Single Stage:Two Envelope |

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं.०१-५३२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

# राष्ट्रिय सभामा पाँच वटा विधेयक विचाराधीन
# तीन वटाको दफावार छलफल गर्ने तयारी

**काठमाडौं/मस–** प्रतिनिधि सभा विघटन भएपश्चात राष्ट्रिय सभामा ५ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन् । जेनजी आन्दोलनपश्चात गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले प्रतिनिधि सभा विघटन गरेपछि संघीय संसद्मा रहेका ३० वटा विधेयक निष्क्रिय भएका थिए । राष्ट्रिय सभा र प्रतिनिधि सभामा उत्पत्ति भएका यी विधेयकहरू निष्क्रिय भएपनि हाल ५ वटा विधेयक भने राष्ट्रिय सभामा विचराधीन अवस्थामा रहेका छन् ।

विचराधीन अवस्थामा रहेको सबै विधेयकहरू राष्ट्रिय सभामा उत्पत्ति भएको राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिका उपसचिव नुमराज खनाल शर्माले जानकारी दिए । उनकाअनुसार राष्ट्रिय विधिविज्ञान प्रयोगशालासँग सम्बन्धित विधेयक, अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित विधेयक, पर्यटन विधेयक, चलचित्र विधेयक र सामाजिक सञ्जालसम्बन्धी विधेयक विचराधीन अवस्थामा रहेका छन्। यीमध्ये विधायन समितिमा विचराधीन रहेका ३ वटा विधेयकलाई दफावार छलफल गर्ने तयारी समितिले गरेको उनले जानकारी दिए ।

समितिमा पर्यटन विधेयक, चलचित्र विधेयक र सामाजिक सञ्जालसम्बन्धी विधेयकहरू विचाराधीन रहेका छन्। अब बस्ने समितिको बैठकमा उक्त विधेयकहरूको दफावार छलफल अगाडि बढाइने उनले बताए । उनकाअनुसार राष्ट्रिय विधिविज्ञान प्रयोगशाला सम्बन्धी विधेयकलाई भने समितिले छलफल गरेर प्रतिवेदनसहित पास गरी राष्ट्रिय सभामा पठाइसकेको छ । उक्त विधेयक सभामा



विचाराधीन अवस्थामा रहेको उनले जानकारी दिए । अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित विधेयक भने राष्ट्रिय सभामा प्रस्तुत भएर सैद्धान्तिक छलफल समेत सकिएको छ । उक्त विधेयक समितिमा आउन बाँकी रहेको उनले जानकारी दिए ।

उनले भने, 'हामीसँग प्रतिनिधि सभा विघटन हुँदाखेरी ५ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन्। ५ वटै विद्येयक राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयक हुन् । त्यसमध्ये एउटा राष्ट्रिय विधिविज्ञान प्रयोगशालासँग सम्बन्धित विद्येयक चाहीँ विधायन व्यवस्थापन समितिले छलफल गरेर प्रतिवेदनसहित पास गरेर सभामा विचाराधीन अवस्थामा रहेको छ । तीन वटा विधेयकहरू राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा विचारधीन रहेका छन्। ३ वटा विधेयकमा पर्यटन विधेयक, चलचित्र विद्येयक र सामाजिक सञ्जालसम्बन्धी विधेयक रहेका छन् । जसलाई हामी लगत्तै दफावार छलफल सुरु गर्ने तयारी समितिले गरिरहेको छ। त्यसबाहेक अर्को एउटा विधेयक चाहीँ अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित विधेयक राष्ट्रिय सभामा प्रस्तुत भएको छ । राष्ट्रिय सभामा सैद्धान्तिक छलफल सकिएको छ र समितिमा आउन अझै बाँकी रहेको छ ।'

उपसचिव खनालले प्रतिनिधि सभा विघटन हुँदा संघीय संसद्मा विचराधीन रहेका ३० वटा विद्येयक निष्क्रिय हुन पुगेको बताए। त्यसमध्ये ७ वटा विधेयक राष्ट्रिय सभामा उत्पत्ति भएका थिए । राष्ट्रिय सभाले पास गरेर प्रतिनिधि सभामा पठाएका विधेयक निष्क्रिय भएको उनले जानकारी दिए । बाँकी २३ वटा विधेयक भने प्रतिनिधि सभामा उत्पत्ति भएका थिए। तीमध्ये २१ वटा विधेयक प्रतिनिधि सभाकै विभिन्न स्टेजमा रहेका थिए भने दुई वटा विधेयक प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा पुगेको थियो ।

हाल संघीय संसद्मा एउटा नयाँ विधेयक पेस गर्नेगरी सरकारले पठाएको छ । विधायन समिति सचिव गिरीकाअनुसार सरकारले वैकल्पिक वित्त परिचालनसम्बन्धी कोष स्थापना गर्ने विषयसँग सम्बन्धित विधेयक संघीय संसद्मा पेस गर्ने प्रयोजनका लागि संघीय संसद्मा पठाएको हो । सो विधेयकलाई संघीय संसद्को राष्ट्रिय सभा या प्रतिनिधि सभातर्फ अगाडि बढाउने चरणमा रहेको उनले जानकारी दिए । यस्तै सरकारले जारी गरेको मतदाता नामावलीसँग सम्बन्धित अध्यादेशलाई पनि राष्ट्रिय सभामा प्रस्तुत गर्ने तयारी गरिएको उनले बताए ।

प्रतिनिधि सभा विघटनपछि राष्ट्रिय सभाको बैठक पनि अन्त्य गरिएको छ । सरकारले राष्ट्रिय सभा बैठक बोलाएको छैन । जेनजी आन्दोलनका क्रममा संसद् भवनमा आगजानी भएपछि बैठक बस्ने ठाउँको समेत समस्या भएको छ । सरकारले सिंहदरबारस्थित कृषि समितिको हलमा राष्ट्रिय सभाको बैठक बोलाउने तयारी गरिरहेको छ। राष्ट्रिय सभा अन्तर्गत रहेका समितिहरूको बैठक भने बस्ने गरेका छन् । आगामी दिनमा बैठकलाई प्रभावकारी ढंगले अगाडि बढाउन राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले समितिका सभापतिहरूसँग छलफल समेत गरेका छन्। समिति सभापतिहरूले सभामा रहेका विचाराधीन विधेयकहरूलाई छलफल गर्नेगरी तयारी अगाडि बढाउने बताएका छन् ।

# नेपाल ट्रष्टका पूर्वसहसचिव पक्राउ

**काठमाडौं/मस–** ठगी तथा आपराधिक विश्वासघातको कसुरमा नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग, काठमाडौंमा सहसचिव पदमा कार्यरत (हाल अवकाशप्राप्त) कर्मचारी चितवनको भरतपुर महानगरपालिका-१५ बस्ने ६६ वर्षीय लेखबहादुर कार्की पक्राउ परेका छन् ।

नेपाल ट्रष्टका नाममा दर्ता कायम रहेको काठमाडौंको जग्गा बद्नियत राखेर हानिनोक्सानी हुनेगरी भाडा सम्झौता दिएको पाइएपछि उक्त घटनाको अनुसन्धानका लागि कार्कीलाई पक्राउ गरिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार उनको संलग्नतामा नेपाल ट्रष्टको कार्यालय र थामशेर्कु ट्रेकिङ प्रालिको बीचमा लिजमा दिने/लिने करार सम्झौता हुँदा सूचनामा उल्लेख भएको कित्ता नं ४६०६ को जग्गाभन्दा बढी अर्को कित्ता नं. ४६०५ समेत थपगरी लिजमा दिने/लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय र आधारविना बद्नियतपूर्वक नेपाल ट्रष्टका नाममा रहेको जग्गा बोट मोडलका लागि निर्माण अवधि तीन वर्षसमेत तोकी ३० वर्षका लागि लिजमा दिने/लिने सम्झौता गरेको पाइएको हो। विसं २०७४ जेठ १४ गते नेपाल ट्रष्टको कार्यालयलाई दीर्घकालीन हानिनोक्सानी हुनेगरी उक्त




करार सम्झौता भएको पाइएको उनले बताए ।

सिआइबीले शनिबार सार्वजनिक गरेको विवरणमा भनिएको छ, 'नेपाल ट्रष्टको जग्गा लिजमा लिने लाभग्राहीले सहयोग गर्ने अधिकारी सम्बद्ध रहेको विभिन्न ओहोदा र पदमा रहेका व्यक्तिहरुले गैरकानुनी तवरले लाभ लिइ ठगी, आपराधिक विश्वासघात गरेको, उल्लेखित कार्यबाट नेपाल ट्रष्टमार्फत नेपाल राष्ट्रलाई नै ठूलो हानिनोक्सानी पुर्‍याइ विभिन्न पद तथा ओहोदामा रहेका व्यक्ति, सरकारी कर्मचारी तथा अन्य व्यक्ति, सहयोगी तथा मतियार समेतले लाभ लिएको पाइएको छ ।'

एसएसपी श्रेष्ठले सोही कसुरमा उनलाई पक्राउ गरी ठगी, आपराधिक विश्वासघातसम्बन्धी कसुरमा पक्राउ गरी उनीमाथि अनुसन्धान थालिएको जानकारी दिए ।

# पूर्वमन्त्री अफताव आलमको निधन

**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद अफताव आलमको निधन भएको छ । उच्च रक्तचाप, सुगरलगायत स्वास्थ्यमा समस्या देखिएपछि विगत एक महिनादेखि काठमाडौंको सीनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार गराइरहेका आलमको शनिबार बिहान २ बजे निधन भएको हो ।

आलमलाई दसैंअघिदेखि अस्पतालमा भर्ना गरेर राखिएको थियो । पछिल्लो एक सातादेखि स्वास्थ्यमा थप समस्या देखिएपछि भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो । आलमको उपचारका क्रममा आज निधन भएको अस्पतालका सञ्चालक एवं कांग्रेसका निवर्तमान सांसद डा सुनिल शर्माले जानकारी दिए ।

आलम विसं २०५१ को उपनिर्वाचनमा पहिलोपटक संसदीय निर्वाचनमा विजयी भएका थिए । विजयी भएसँगै उनी विसं २०५४ मा श्रम राज्यमन्त्री र २०५५ मा वन राज्यमन्त्री भएका थिए । त्यसपछि उनी २०५६ सालको संसदीय निर्वाचन र विसं २०६४ को पहिलो संविधानसभा निर्वाचनमा पनि निर्वाचित भएका थिए । त्यसपछि उनी भूमि सुधारमन्त्री र श्रम तथा यातायातमन्त्रीसमेत बनेका थिए । उनी विसं २०६७ को पार्टीको १२औं महाधिवेशनमा कांग्रेसको



केन्द्रीय सदस्य निर्वाचित भएका थिए । स्व आलमले विसं २०६४ चैत २७ गते पहिलो संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजपुरमा बम विस्फोटमा परेका यमुनामाई गाउँपालिका घर भएका घाइतेद्वय पिन्टु भनिने त्रिलोकप्रताप सिंह राजपुत र ओसी अख्तरलाई इँटाभट्टामा जलाएर हत्या गरेको कसुरमा जन्मकैदको फैसला भएपछि कारागार जीवन बिताएका थिए । उनलाई गत जेठ १४ गते रौतहट जिल्ला अदालतको फैसलाले कारागारमुक्त भएपछि ब्रेन स्टोक भएको थियो । पूर्वमन्त्री आलमको दुई छोरा र एक छोरी छन् ।

# कृषि उत्पादनको बजारीकरण हुन नसकेको गुनासो

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ कात्तिक

कृषि ज्ञान केन्द्र अर्घाखाँचीले भूमिकास्थान नगरपालिकामा स्थानीय तहसँग योजना तर्जुमा गोष्ठी गरेको छ । आगामी आर्थिक वर्षमा सञ्चालन गर्ने योजना निर्माणमा एकरूपता ल्याउनका लागि स्थानीय तहका प्राविधिकहरूसँग गोष्ठी गरिएको कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख उपसचिव बुद्धिराज घिमिरेले जानकारी दिए ।

गोष्ठीमा प्रमुख घिमिरेले केन्द्रको चालु आर्थिक वर्षको ४ महिनामा भएको कार्य प्रगति र आगामी आर्थिक वर्षका लागि प्राप्त मापदण्ड अनुसार तयार गरिएको कार्यक्रमबारे जानकारी गराएका थिए ।

कार्यक्रममा भूमिकास्थान नगरपालिका प्रमुख बुद्धिराज घिमिरेले स्थानीय जनप्रतिनिधि र कर्मचारीको समन्वय र सहकार्यबाट मात्र प्रभावकारी रूपमा काम गर्न सकिने बताए। उनले कृषि क्षेत्रमा लगानी भए पनि सन्तोषजनक उपलब्धि नदेखिएकोले यस विषयमा सबै स्टेकहोल्डरले गम्भीर समीक्षा गर्नुपर्ने अवस्था रहेको बताए । कृषिमा भएको सामान्य उपलब्धिको जस लिने धेरै भए पनि समन्वय गरेर काम गर्ने प्रचलन कम भएकाले आगामी दिनमा विषयगत कार्यालयहरू एउटै बाटोबाट वास्तविक कृषकहरूसम्म पुग्ने अवस्था गराउनुपर्ने




उपसचिव घिमिरेको भनाइ छ ।

गोष्ठीमा सहभागी स्थानीय तहका कृषि शाखाका प्रमुखहरूले स्थानीय स्तरमा कृषकहरूले नियमित माटो परीक्षणको कार्यक्रम, बीज वृद्धि, मौरीपालन, टनेल निर्माण, विषादी वितरण, बिउपुंज वितरण जस्ता कार्यक्रम तालुकदार कार्यालय ज्ञानकेन्द्रले व्यवस्था गर्नुपर्ने किसानमैत्री कार्यक्रम माग गरेका थिए । उनीहरूले दक्ष जनशक्ति र समय अनुसार उनीहरूको क्षमता विकासमा ध्यान दिनुपर्ने समेत बताए। यसका साथै कृषि क्षेत्रको सम्भाव्यता अध्ययन, मल उत्पादनका लागि कारखाना, प्रविधिको प्रदर्शन, ब्रान्डिङ, प्याकेजिङ र बजार व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम तर्जुमा गर्न ज्ञान केन्द्रलाई आग्रह समेत गरेका छन् ।

जिल्लामा रहेका रैथाने बालीको संरक्षण र उत्पादनमा ध्यान दिँदै नगरपालिकाले कृषि क्रान्ति गरिरहेकाले अहिले किसानहरू हर्षित भएको नगरपालिका उपप्रमुख बालकृष्ण बञ्जाडेले बताए । उनले योजना तर्जुमा सदरमुकामको स्थानीय तहमा नगरी भूमिकास्थान नगरपालिकामा आयोजना गरेकोमा धन्यवाद दिँदै जनताको आवश्यकताका आधारमा योजना बनाउन ज्ञान केन्द्र प्रमुख र कर्मचारीलाई आग्रह समेत गरे । बजेट तथा कार्यक्रम बनाउँदा लक्ष्य, उद्देश्य र आवश्यकतालाई मध्यनजर गरी अगाडि बढेमा गन्तव्यमा पुग्न सकिने बताउँदै उपप्रमुख बञ्जाडेले उपलब्धि गर्ने योजना निश्चित नभए बजेट खर्च गर्न नहुने बताए ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले विषयगत शाखा र स्थानीय तहका प्रमुखहरूसँग बजेट निर्माण गर्दा समन्वय गरेर काम गर्नुपर्ने भए पनि त्यसो हुन नसकेको बताएका थिए । कार्यक्रममा स्थानीय तहका कृषि शाखा प्रमुखहरूले अब कृषि ज्ञानकेन्द्रसँग समन्वय गरेर काम गर्दा आफूहरूलाई सहज हुने समेत बताए । यसका साथै जिल्लामा कृषिको विकासका लागि यान्त्रिकरण, बजारीकरण, मूल्यशृंखला, कृषक र व्यापारीहरूको डिजिटल विवरण व्यवस्थापनमा ध्यान दिनुपर्नेमा प्राविधिकहरूले जोड दिएका थिए। अनुदान लिने कृषकहरूमा दोहोरोपन हटाउन अनुदान लिएका कृषकहरूको तथ्यांक डिजिटल रूपमा राख्ने, रोग किराको व्यवस्थापनमा उचित योजना बनाउँदा कृषि क्षेत्रमा नतिजामुखी काम हुने ज्ञान केन्द्रका प्रमुख घिमिरेले बताए। कार्यक्रममा भूमिकास्थान नगरपालिकाका योजना शाखा प्रमुख हरिषचन्द्र भुसाल, कृषि ज्ञानकेन्द्रका कर्मचारी शारदा आचार्यको उपस्थिति रहेको थियो ।

# भूमे गाउँपालिकामा निःशुल्क कम्प्युटर र लोकसेवा तयारी कक्षा

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २२ कात्तिक

रुकुमपूर्वको भूमे गाउँपालिकाले युवालाई लक्षित गर्दै गाउँमै निःशुल्क कम्प्युटर तालिम र सरकारी तयारी कक्षा सुरु गरेको छ । यस कार्यक्रमले पहाडी भेगका विद्यार्थी र युवालाई अब अध्ययनका लागि शहर धाउनुपर्ने बाध्यता अन्त्य गरेको स्थानीयले बताएका छन् ।

गाउँपालिकाले सुरु गरेको तीन महिनाको 'बेसिक कम्प्युटर तालिम' र 'शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षा'मा एसइई र कक्षा १२ सकेका विद्यार्थी सहभागी भएका छन् । यसअघि कम्प्युटर सिक्न वा कोचिङ पढ्न रुकुमकोट वा दाङसम्म जानुपर्ने बाध्यताले धेरै युवाको सिकाइ बीचमै रोकिन्थ्यो ।



भूमे-२ की मनिषा पुन भन्छिन्, 'पहिले कम्प्युटर सिक्न टाढा जानु पर्थ्यो, खर्चिलो पनि थियो । अहिले गाउँमै सुविधा पाउँदा हामीजस्ता विद्यार्थीका लागि निकै सहज भएको छ ।'

त्यसैगरी, शिक्षक सेवा तयारी गर्दै गरेकी भूमे-३ की शर्मिला बुढामगरले गाउँमै तयारी गर्न पाउँदा आत्मविश्वास बढेको बताइन् । उनी भन्छिन्, 'यसअघिसम्म सहर पुग्न समय र खर्च दुबै लाग्थ्यो ।

# काठमाडौंमा के–फुड कार्यक्रम सम्पन्न




काठमाडौं/मस- नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले शनिबार राजदूत निवास काठमाडौंमा के-फुड कार्यक्रम सम्पन गरेको छ । कोरियामा कामको अनुभव लिएका तथा कोरिया सरकारको छात्रवृतिमा अध्ययन गरी नेपाल फर्केका विद्यार्थीहरूले कोरियाली खानामार्फत कोरियाको सम्झनाहरू साट्ने अवसर प्राप्त गरे । नेपालका लागि गणतन्त्र कोरियाका राजदूत थेयङ पार्कले बधाई मन्तव्यका क्रममा कोरियामा अनुभव लिई फर्किएका कामदार तथा पूर्व विद्यार्थीहरूका लागि कोरियाली खाना र कोरियाको अविस्मरणीय क्षणहरू परिवार र साथीहरूसँग साटासाट गर्ने अर्थपूर्ण अवसरको रुपमा कार्यक्रमलाई प्रकाश पारे ।

राजदूत पार्कले सहभागीहरूप्रति कृतज्ञता व्यक्त गर्दै के-पप, के-ड्रामा र के-फुडमार्फत नेपालमा कोरियाली संस्कृतिको बढ्दो प्रभावको प्रसंसा गरे । उनले कोरिया र नेपालबीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ पार्ने कुरामा जोड दिँदै कोरियामा आफ्नो बहुमूल्य समय विताएर, आज नेपालमा साथीभाइ र परिवारसँग कोरियाली खानाको स्वाद दिलाउने अवसर प्रदान गर्ने उद्देश्य लिएर उक्त कार्यक्रम आयोजना गरेको धारणा राखे । शनिबार भएको कार्यक्रम पनि गत अगष्ट महिनामा काठमाडौंमा सम्पन्न के-फुड उद्यमशीलता तालिमको एक हिस्साको रुपमा कोरियाली सरकारले जारी गरिरहेको कोरियाबाट फर्किएका कामदारको पुनर्एकीकरण कार्यक्रम नै भएको आयोजकले जनाएको छ । कोरियाली सरकारले नेपाली युवाहरूको लागि दिगो स्टार्टअप इकोसिस्टमको लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ भने नेपालमा रोजगारी सिर्जना गर्ने र नेपालको अर्थतन्त्रलाई सुदृढ पार्ने लक्ष्य पनि राखेको छ ।

शनिबारको कार्यक्रममा दूतावासका कर्मचारीहरूसहित ३५ जनाभन्दा बढी सहभागीहरू उपस्थित भएका थिए ।


# KI Singh Rural Municipality
## Office Of The Rural Municipal Executive

**Wayal,Doti**
**Sudurpachim Province, Nepal**

## Invitation For E-Bids

**Date of Publication :2082/07/23(9 Nov 2025)**

The KI Singh Rural Municipality Wayal Doti invites online Bids From Eligible Nepalese Bidder For the Procurement of the Following Works:

| Contract Identification No. | Description of works | Estimated Amount (Including VAT and PS) | Bid Doc Fee NRs | Bid Security NRs | Bid Validity |
|---|---|---|---|---|---|
| 01/NCB/W/ KISRUM/2082/083 | Construction and Maintenance of Beltali Dadelmandu Kartola Bagar Hudai 5 No Ward Karyalaya Jodne Sadak | 85,00,000 | 3,000/- | 172000/- | 90 days |

Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp

| Date of pre bid meeting | Last Date and Time For Bid Purchase | Last date and time for Bid submissin | Date and Time for Bid opening |
|---|---|---|---|
| 23/11/2025 12:00 Hrs | 9 Dec 2025 on or before 12:00 hrs | 9 Dec 2025 on or before 12:00 hrs | 9 Dec 2025 13:00 Hrs |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२३ कात्तिक २०८२ आइतबार
9 November 2025 Sunday

सम्पादकीय

## जनजाति शिक्षकको संख्या बढाऊ

नेपालले औपचारिक रूपमा आदिवासी जनजातिको पहिचान स्वीकार गरेको ३० वर्ष भयो । वि.सं. २०५२ सालमा जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन भएसँगै राज्यका निकायहरूमा यो समुदायको प्रतिनिधित्व हुनुपर्ने आवाज औपचारिक रूपमा रहँदै आएको छ । यसबीचमा भएका सामाजिक तथा राजनीतिक आन्दोलनहरूले पनि आदिवासी जनजातिको प्रतिनिधित्वको माग र सुनिश्चितता खोज्दै आएका छन् । तर परिणाम निराशाजनक छ । अझ आगामी पुस्ता कस्तो बनाउने भन्ने जिम्मेवारीमा रहेको क्षेत्र शिक्षण पेशाको तथ्यांक नियाल्दा अत्यासलाग्दो छ ।

आदिवासी जनजाति आयोगका अनुसार नेपालमा कुल ९५ हजार २८३ शिक्षक कार्यरत छन् । तीमध्ये ११.३ प्रतिशत आदिवासी जनजाति समुदायका छन् । शिक्षण पेशामा पुगेका आदिवासी जनजातिहरूमध्ये पनि आदिवासी जनजाति शिक्षक पुरूषको प्रतिनिधित्व अधिक अर्थात् ६२.८ प्रतिशत छ भने महिलाको प्रतिनिधित्व ३७.२ प्रतिशत छ । तहअनुसार विश्लेषण गर्दा प्राथमिक तहमा १२.१ प्रतिशत, निम्न माध्यमिक तहमा ९.३ प्रतिशत र माध्यमिक तहमा ८.२ प्रतिशत प्रतिनिधित्व छ । यी तहहरूमा पुरूषको प्रतिनिधित्व महिलाको भन्दा क्रमशः ९.८ प्रतिशत, २३.७ प्रतिशत र २७.६ प्रतिशत बढी छ । यो तथ्यले एकातिर शिक्षण पेशामा आदिवासी जनजातिको प्रतिनिधित्व न्यून देखाएको छ भने अर्कोतिर प्रतिनिधित्वमा पनि स्पष्ट लैंगिक असमानता देखिन्छ । शिक्षण पेशामा पनि उच्च तहमा प्रतिनिधित्व न्यून हुनु र महिलाको सहभागिता कम देखिनु समावेशीकरणको नीतिअनुसार मिल्ने देखिँदैन ।

३० वर्षमा शिक्षण पेशासहित राज्यका निकायहरूमा आदिवासी जनजातिको प्रतिनिधित्वका लागि केही नभएको हो त ! होइन भएको छ । वि.सं. २०५४ सालमा राष्ट्रिय जनजाति विकास समिति र वि.सं. २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन जारी भयो । वि.सं. २०६२/०६३ को जनआन्दोलनपछि नेपालको अन्तरिम संविधान २०६३ जारी भएसँगै आदिवासी जनजातिको आवाज मूलधारमा समावेश हुन थाल्यो । संविधानसभामा ३८ आदिवासी जनजातिका २१६ जना सभासद निर्वाचित भए । ति सभासदहरूले आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न संविधानमै विशेष प्रावधान राख्न माग गर्दै आदिवासी जनजाति सभासद सभा निर्माण गरे । सोही दबाबकै कारण नेपालको संविधान २०७२ मा आदिवासी जनजाति आयोगको संवैधानिक व्यवस्थापन गरिएको छ । आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न वि.सं. २०७४ सालमा आदिवासी जनजाति आयोग ऐन जारी गरिएको छ । वि.सं. २०७७ सालमा आदिवासी जनजाति आयोगका पदाधिकारीहरू नियुक्त भई आयोग औपचारिक रूपमा कार्यान्वयनमा आएको छ ।

अर्थात, औपचारिक रूपमा आदिवासी जनजातिको पहिचान स्वीकार गर्नमा कुनैपनि कालखण्डका सरकारहरू पछाडि परेका छैनन् । निरन्तर नीतिगत व्यवस्था बलियो हुँदै आएको छ । नीति बनेतापनि त्यसअनुसार आदिवासी जनजातिको सहभागिता बढाउने ठोस उपाय भने अपनाइएन । परिणाममा शिक्षण पेशामा आदिवासी जनजातिको प्रतिनिधित्व ११.३ प्रतिशतमा सीमित छ । यो तथ्यलाई स्वीकार गर्दै सरकारले व्यवहारिक रूपमा आदिवासी जनजातिको प्रतिनिधित्व बढाउनेबारे सोचोस् ।

# समृद्धिको आधार : दरिलो र सुरक्षित निजी क्षेत्र

*चुनौती अझै बाँकी छन् । जेनजी आन्दोलनका क्रममा करिब ८८ अर्ब बराबरको नोक्सानी भएको प्रारम्भिक अनुमान छ । यदि परिस्थिति पुनः प्रतिकूल भयो भने, यो नोक्सानी अझै बढ्न सक्छ ।*

अग्रलेख



● चन्द्रप्रसाद ढकाल

*दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि अब सबै पक्षको सहकार्य अपरिहार्य छ । राजनीतिक दल, युवा पुस्ता र निजी क्षेत्रबीच संवाद र विश्वासको वातावरण बनाएर समयमै निर्वाचन सम्पन्न गर्नु अत्यावश्यक छ ।*




अहिले देश आशा र संशयको दोबाटोमा उभिएको छ । युवा पुस्ताको आन्दोलन र मागअनुसार भ्रष्टाचार न्युनिकरण र सुशासन स्थापनाका लागि सरकारले प्रयास थालेको छ । त्यसैबीच निजी क्षेत्र पनि कठिन परिस्थितिबाट उठ्ने प्रयत्नमा जुटिरहेको छ ।

विगतका आन्दोलनहरूमा जस्तै यसपटक पनि निजी क्षेत्र सबैभन्दा बढी आहत भएको छ । जसोतसो ऋण काढेर, जोहो गरेर, लगानी गरेको उद्यमीको पसलदेखि शयनकक्षसम्म लुटपाट भएको छ । आगजनी र तोडफोडले व्यवसाय तहसनहस भएको छ । यस्तो अवस्थाले हामी सबैलाई आत्ममूल्यांकन गर्न बाध्य बनाएको छ- हामी कहाँ गयौं, समाज कहाँ गयो ? हाम्रो देशमा व्यवसाय गरेर नाफा कमाउनु अपराधजस्तो किन देखिन्छ ? सेवा दिँदै नाफा कमाउनु नै व्यवसायको मूल उद्देश्य हो, तर यसैप्रति शंका र घृणा पालिएको मानसिकता परिवर्तन आवश्यक छ ।

निजी क्षेत्रमाथिको प्रहार केवल व्यक्तिगत नोक्सानी होइन, राष्ट्रकै अर्थतन्त्रमाथिको आघात हो । आखिर रोजगारी सिर्जना गर्ने, राजस्व तिर्ने, उत्पादन गर्ने शक्ति यही क्षेत्र हो । त्यसैले आगजनी, लुटपाट जस्ता अपराधमा संलग्नमाथि कडाभन्दा कडा कारबाही हुनुपर्छ । दण्डहीनता बढ्न दिए राष्ट्र थप कमजोर बन्छ ।

अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसि) र महासंघको अध्ययनले देखाउँछ, नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ, ८६ प्रतिशत रोजगारी यही क्षेत्रले दिएको छ, आयकरको ८० प्रतिशतभन्दा बढी हिस्सा उद्यमीहरूले तिरेका छन् । तर, यही शक्तिले सबैभन्दा ठूलो क्षति व्यहोर्‍यो । यही शक्ति अहिले पुनः उठ्ने प्रयासमा छ ।

कोभिडको चुनौतीपूर्ण समयमा पनि निजी क्षेत्रले सरकारसँग सहकार्य गर्दै कर बुझायो, उत्पादन र रोजगारी कायम राख्यो । अहिले पनि यही जिम्मेवारीका भावनासँग निजी क्षेत्र पुनरोत्थानको बाटोमा अघि बढ्न खोज्दैछ । सरकारका तर्फबाट पनि राहत, सुविधा र सहयोगका संकेत प्राप्त भएका छन्, जसले पुनर्निर्माणमा हौसला प्रदान गरेको छ ।

तर चुनौती अझै बाँकी छन् । जेनजी आन्दोलनका क्रममा करिब ८८ अर्ब बराबरको नोक्सानी भएको प्रारम्भिक अनुमान छ । राष्ट्रिय योजना आयोगले यसका विस्तृत विवरण संकलन गर्दैछ, जसमा महासंघ पनि सहकार्यरत छ । यदि परिस्थिति पुनः प्रतिकूल भयो भने, यो नोक्सानी अझै बढ्न सक्छ ।

विश्व बैंकले यस वर्षको आर्थिक वृद्धिदर २ प्रतिशत हाराहारी हुने अनुमान गरेको छ । यस्तो अवस्थामा ८१ प्रतिशत योगदान पुर्‍याउने निजी क्षेत्रको मनोबल उच्च राख्नु सरकारको पहिलो दायित्व हो । निजी क्षेत्र संरक्षण र प्रवर्द्धनका लागि मन्त्रीपरिषदबाट स्पष्ट नीति ल्याई द्रुत सेवा र सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

महासंघले आर्थिक पुनर्निर्माण र पुनरोत्थानका लागि योजना तयार गरिरहेको छ । माग बढाउने उपाय, लगानीमैत्री वातावरण र रोजगार सिर्जनाका कदमहरू त्यसमा समावेश हुनेछन् । यस्तै, सुशासनलाई संस्थागत गर्न निजी क्षेत्रको सहभागितासहित संयन्त्र गठन गर्नुपर्छ, किनभने सरकारमात्रले यो कार्य पूरा गर्न सक्दैन ।

व्यवसाय दर्ता र कर प्रणाली अझै जटिल छन् । साना मझौला उद्योग दर्ता गर्न चारदेखि सात ठाउँ धाउनु पर्ने बाध्यता अन्त्य हुनुपर्छ । नागरिक एप वा वडा कार्यालयबाट नै व्यवसाय दर्ता र कर तिर्न सकिने व्यवस्था गर्नुपर्छ । निरन्तर कर बुझाउने व्यवसायीले हरेक वर्ष नविकरण गर्नुपर्ने प्रथा पनि हटाउनुपर्छ ।

युवा उद्यमशीलता अर्को महत्वपूर्ण पाटो हो । स्टार्टअप नीति बनेको छ, तर कार्यान्वयनमा तीव्रता चाहिन्छ । सरकार र महासंघको सहकार्यमा युवा उद्यमी विकास कार्यक्रम तत्काल सुरु गर्नुपर्छ, जसमा परियोजना कर्जा, बजार विस्तार, प्रविधिको प्रयोग र सामूहिक लगानीका पहलहरू समेटिनेछन् ।

पूर्वाधार निर्माणमा समेत निजी क्षेत्रको योगदान सुनिश्चित गर्नुपर्छ । स्वीकृत परियोजनामा स्थानीय वा प्रदेशस्तरबाट अवरोध हुने अवस्था अन्त्य गर्न राज्यले पूर्ण सुरक्षाको प्रत्याभूति दिनुपर्छ । निजी क्षेत्रका समस्या पनि तत्काल सम्बोधन आवश्यक छन्- निर्यात अनुदान रोकिएको छ, भन्सार अवरोध र भारतीय मापदण्डका कठिनाइका कारण उत्पादनहरू प्रभावित छन् । यसबारे नेपालले बंगलादेशझैं संयुक्त राष्ट्रसंघ समक्ष स्तरोन्नतिको म्याद पुनर्विचारका लागि आग्रह गर्नुपर्छ ।

कृषि क्षेत्रलाई पनि बजार, शीत भण्डारण र ढुवानी व्यवस्थामा निजी क्षेत्रसँग सहकार्य गर्नुपर्नेछ । कर प्रणाली सहज बनाउन करदाता सेवा केन्द्रलाई क्रमशः वडा तहमा स्थानान्तरण गर्दै व्यवसायीमैत्री बनाइनुपर्छ ।

अहिले बैंकहरूमा करिब ११ खर्ब रुपैयाँ लगानीयोग्य पूँजी थन्किएको छ । चालु पूँजी कर्जा मार्गदर्शन, निगरानी र कालो सूचीका नियमहरू परिमार्जन गर्नुपर्छ ताकि लगानी प्रवाह सहज होस् । रियलस्टेट, सेयर बजार र निर्यात उद्योगका व्यवस्थित विकासबिना अर्थतन्त्र बलियो हुँदैन । सँगै, गिट्टी, ढुंगा, बालुवाजस्ता स्रोतहरूको वैधानिक निर्यातबाट विदेशी मुद्रा आर्जन सम्भव छ ।

निजी क्षेत्रले जिम्मेवारीपूर्ण ढंगले अघि बढ्ने प्रतिवद्धता जनाइरहेको छ । २०५८ सालमै महासंघले व्यवसायिक आचारसंहिता लागू गरिसकेको छ, जसले नैतिकता र सामाजिक उत्तरदायित्व सुनिश्चित गरेको छ । दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि अब सबै पक्षको सहकार्य अपरिहार्य छ । राजनीतिक दल, युवा पुस्ता र निजी क्षेत्रबीच संवाद र विश्वासको वातावरण बनाएर समयमै निर्वाचन सम्पन्न गर्नु अत्यावश्यक छ ।

हालै अर्थमन्त्रीले भनेको कुरा स्मरणीय छ- निजी क्षेत्र फल दिने वृक्ष हो, त्यसलाई मलजल गर्न सके राष्ट्र समृद्ध हुन्छ । यही सन्देश वर्तमान सरकारको कार्यकालमा व्यवहारमा परिणत होस् भन्ने अपेक्षा मुलुकको सम्पूर्ण निजी क्षेत्रले राखेको छ । नेपालको समृद्धिको बाटो दरिलो, जिम्मेवार र सुरक्षित निजी क्षेत्रको काँधमै टिकेको छ । यही बाटोमा सरकार र निजी क्षेत्र सँगसँगै अघि बढ्न सके, आशाको दोबाटोले समृद्धिको राजमार्ग धानेको हुनेछ ।

***(राष्ट्रिय आर्थिक बहस २.० मा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले दिएको मन्तव्यको सम्पादित अंश ।)***

## इतिहासमा आज

९ नोभेम्बर २००० मा उत्तराखण्ड आधिकारिक रूपमा भारतको २७ औं राज्य बन्यो । जुन उत्तरपश्चिमी उत्तर प्रदेशका १३ जिल्लाहरू मिलेर बनेको थियो ।



९ नोभेम्बर २००५ मा आत्मघाती बमवर्षकहरूले जोर्डनको अम्मानका तीन होटलहरूमा आक्रमण गरे । जसमा ६० जनाको मृत्यु भएको थियो ।



९ नोभेम्बर २०१२ मा उत्तरी म्यानमारमा तरल इन्धन बोकेको रेल दुर्घटनाग्रस्त भयो र आगलागी भयो । जसमा २७ जनाको मृत्यु भयो भने ८० जना घाइते भए ।



९ नोभेम्बर २०१२ मा कोलम्बोको वेलिकडा जेलमा कैदीहरू र गार्डहरू बिचको झडपमा २७ जनाको मृत्यु भयो भने दर्जनौं घाइते भए ।



# सामाजिक अगुवाहरूको भूमिका

विचार



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*जेनजी आन्दोलनपछि नागरिक अगुवा र सामाजिक अभियन्ताहरूको दायित्व झनै बढेको छ । अहिले लगानीकर्ताहरू अन्योलमा छन् र उद्यमीहरूले बाटो देखिरहेका छैनन् । हुन पनि बेरोजगारी बढाएर विप्रेषणबाट अर्थतन्त्र धान्ने नेतृत्व र राजनीतिले असंख्य मानिस बेच्यो, वस्तु किन्यो, भन्सार राजस्व बढाएर ढुकुटी बलियो बनाउनेतर्फ अग्रसर रह्यो ।*

राजनीति सधैं दिशाहीन र गन्तव्यहीन हुँदै आएको छ, जसले देशमा निरन्तर उथलपुथल र समस्या सिर्जना गरिरहेको छ । यो देश केवल राजनीतिमा लाग्नेहरूकै होइन, राजनीतिबाहिरका सामाजिक अगुवाहरूले पनि देशप्रति चिन्ता लिनु जरुरी छ । जेनजी आन्दोलनपछि नागरिक अगुवा र सामाजिक अभियन्ताहरूको दायित्व झनै बढेको छ । अहिले लगानीकर्ताहरू अन्योलमा छन्, उद्यमीहरूले बाटो देखिरहेका छैनन् । नेतृत्व जहिल्यै आयातमुखी भयो, उत्पादनमुखी हुन सकेन । बेरोजगारी बढाएर विप्रेषणबाट अर्थतन्त्र धान्ने नेतृत्व र राजनीतिले असंख्य मानिस बेच्यो, वस्तु किन्यो, भन्सार राजस्व बढाएर ढुकुटी बलियो बनाउनेतर्फ अग्रसर रह्यो ।

यसले लगानीको आँट घटायो, लागत बढ्दा उत्पादनको मूल्य महँगो भयो र उपभोक्ता असह्य बने । पूर्वाधार कच्चा भएकाले उत्पादन खर्च अझ बढ्यो, तर पूर्वाधारको नाममा अनुत्पादक भ्यूटावर थपिँदै गए । विकासका संवाहक, अर्थविद् र विकास प्रशासनका अगुवाहरूको अभाव स्पष्ट देखियो । देशमा योजना र विकासको अवधारणा आएको आठ दशक बितिसक्दा पनि गरिबी, असमान आय र वितरण अझै बाँकी नै छ ।

समस्या समाधान राजनीति गर्नुपर्ने थियो, तर राजनीति नै आयातित भयो-सोचदेखि कार्यशैलीसम्म । आठ पासे वा ल्याप्चे र उखानेहरूले देश जिम्मा लिए, जसका कारण देश आज भद्र दुर्घटनामा परेको छ । यो संकेत अहिलेको होइन, दशकौंअघि नै देखिएको थियो । तर कसैले बुझ्ने प्रयास गरेन, सबैले आ-आफ्नो डम्फू बजाए । अब भने खरानीबाट कसरी उठ्ने ? यही प्रश्नले सबैलाई चिन्तित बनाएको छ ।

पुरानो सत्ता फालेर जबर्जस्ती क्रान्ति गरियो, राजनीतिक संरचना बढाइयो, घर-घरमा सेवा पुर्‍याउने भनियो, सिंहदरबारको ढोका ढोकामा पुर्‍याइयो । तर त्यो सिंह सेवा गर्न होइन, निचोर्न र चिथोर्न गएको देखियो । खपिनसक्नु भएपछि गाउँ छोडे जनताले, सहर पस्न थाले, अनि सहर पनि छोडे र खाडी वा मलेसिया पुगे ।

गरिब देशमा महँगा संरचना, भद्दा प्रशासन, अतिसुविधा र दुरुपयोग बढ्दै गए । मरणोपरान्तसम्म पनि राजनीतिकर्मीहरूले सुविधा पाए, बाँचुन्जेल सुरक्षा, औषधि-उपचार, आलिशान घर र ठूला आवासमा रमाए-देशलाई निचोरेर । सामाजिक अभियन्ताहरूले पनि यसैलाई 'उन्नत नेतृत्व' भन्दै समर्थन गरे, भ्रातृ संगठनहरूमा संलग्न भए, ताली बजाए, वाहवाही गरे । तर आज राजनीतिक नेतृत्व देशमा छैन भन्दा हुन्छ ।

प्रशासनका केही व्यक्तिहरूले मात्र देशको जिम्मा लिएका छन्, समस्याको पहाड छ, छिचोल्ने उपाय छैन । वितरणका लागि पैसाको अभाव छ, कतै भूक्तानी दिन सकिएको छैन, खर्च कटौती गर्नुपरेको छ । प्रहरीको मनोबल घटेको छ, टोल-टोलबाट पैसा उठाएर चौकी चलाउनुपरेको छ । हतियार बाहिर छन् भन्ने चर्चा छ, 'चुनावमा असर पर्छ' भनिन्छ । तर यदि चुनाव मात्र विकल्प हो भने-यसअघि धेरैपटक चुनाव भइसकेका छन्, त्यसले के परिणाम दियो भन्ने सबैलाई थाहा छ ।

अब हुन लागेको राष्ट्रिय सभामा जेनजी पुस्ता जान सक्छन् ? संविधान खोजिँदैछ, तर पहिले आन्दोलनपछि संविधानका धाराको ख्याल गरिएन । जंगलबाट सिधै संसदमा लगियो, सडकबाट टिपियो र जसले संसद पुनःस्थापना गर्‍यो, उसैलाई लात हानेर विदा गरियो । अब भने ठूलो आन्दोलनपछि उही संविधानका धारा खोजिँदैछ भने, यसको अर्थ भद्र आन्दोलनलाई सुकाउने वा तुहाउने प्रयास भइरहेको हो । यदि त्यस्तो हो भने, यसको मूल्य पहिलेको भन्दा अझ बढी चुकाउनुपर्नेछ । यसमा नागरिक अगुवाहरूले गम्भीर ध्यान दिनु जरुरी देखिन्छ ।

हरेक विषय अहिले जटिल बनेका छन् । यो डिजिटल युग हो, संसारले सबै हेर्दैछ-यहाँको आगजनी, तोडफोड, मौसम र पूर्वाधारको कच्चोपन, अनि दिनदहाडै मानिसको मृत्यु । यस्ता दृश्य संसारले हेर्दै गर्दा पर्यटन क्षेत्र कसरी उठ्ला ? कोरोनाले सुतेको पर्यटन अहिले होटलमा भएको आगजनी र प्रतिकूल मौसमबीच पुनः कसरी जाग्ने ?

प्रधानमन्त्रीले १४ बुँदे निर्देशन जारी गरेकी छन्-तर त्यही पुरानो कर्मकाण्डी शैलीमा, उही प्रशासनिक अगुवाहरूप्रति, जसले विगतमा पनि साथ दिएनन् । ऐन, नियम, निजामती प्रशासन इमानदार र दक्ष भएको भए सिंहदरबारले सेवा राम्रो दिएको हुन्थ्यो । सर्वोच्चले निष्पक्ष न्याय दिएको भए जल्नु पर्ने थिएन । राजदूत फर्काउन नसक्ने कार्यकारी प्रमुखले सचिवहरूलाई बोलाएर १४ बुँदे निर्देशन जारी गरेकी छन्, जसमा सुशासनको कुरा गरिएको छ । तर यही संयन्त्रबाट सुशासन सम्भव छ र ? निजामती सेवा ऐन आउन दिइएन, संस्थान र उच्च पदहरूमा ठेकेदारी भर्ती गरिएको छ-के हालको कार्यकारीले यो सुधार गर्न सक्छ ? बरु जेनजीहरूलाई गलाएर, फुटाएर, ६ महिना थामथुम्याउने, अनि पुरानै राजनीतिकर्मीहरूलाई सिंहदरबारमा फर्काउने तयारी जस्तो देखिन्छ ।

यदि यस्तो होइन भने सबै क्षेत्र किन निराश छन् अहिले ? कुन क्षेत्रमा आशा गर्न सकिन्छ ? कुनै छैन । सरकार बनेको दुई महिना बितिसक्दा पनि कुनै गतिलो काम देखिएको छैन । सबैतिर अस्तव्यस्तता छ, कुनै पनि क्षेत्र ट्र्याकमा छैन । पासपोर्ट प्रणाली कमजोर छ-दैनिक एक हजार मात्र वितरण भइरहेको भनिन्छ । सवारी लाइसेन्सको हालत पनि त्यस्तै छ । अभिलेख जलिसकेका छन्, शून्यबाट पुनःसिर्जना गर्नु कठिन छ । महिला प्रधानमन्त्री आएकोमा गर्व गर्नु बाहेक देशसँग गर्व गर्नलायक विषय अहिले देखिँदैन ।

अतः निस्पक्ष र राजनीतिबाट वितृष्णा भएका सामाजिक अभियन्ता र नागरिक अगुवाहरू देशोत्थानमा लाग्नुपर्छ । देश केवल राजनीतिकर्मीहरूको होइन, अब यो सबै सचेत नागरिकको पनि हो, जसले यत्रो बर्बादी सहनुपरेको छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

पुराना दलहरूको भविष्य हिजो तिनकै हातमा थियो । तिनले नै आफ्नो भाग्यरेखा आफैं डेटामेडा र पतनशील मार्ग कोरे । अब नयाँ दलको चरित्रमा निर्भर गर्छ । नयाँ दल कस्ता हुने तिनको आफ्नै हातमा छ । पुराना दल फर्किने नफर्किने भने नयाँ दल पुरानाभन्दा राम्रा हुन्छन् कि खतम-यसले निर्धारण गर्नेछ ।



तारानाथ दाहाल

ओली सरकारले सामाजिक सञ्जाल अवरुद्ध गर्दा रास्वपा संसदमा विपक्षी बेन्चमा नै थियो । हामीले विरोधमा सडक संघर्ष गर्न निकै पटक गुहार गरेका थियौं तर सुनेन । मौन समर्थन गर्‍यो । संसदमा सुशासनका लागि होइन, एक वर्षदेखि रवि-रिहाइ मात्र रास्वपाको एजेन्डा थियो । प्रतिवेदनमा जेनजी स्वामित्व आफ्नै रे !



सरोज पोखरेल

माओवादी जस्तो हार्डलाइनर कम्युनिस्ट पार्टीबाट राजनीतिक यात्रा सुरु गरेर विभिन्न पार्टी चाहर्दै अहिले आएर 'सम्पूर्ण सनातनी एक हौं' भन्दै धर्म, संस्कृतिलाई अन्तिम अस्त्र बनाउँदैछन् दुर्गा प्रसाईं । ऋणको रनाहाले हो कि वास्तवमै देश बनाउने चाहना हो ! यि मतलबीको मनसाय पनि बुझ्न सक्नु छैन ।



ध्रुवहरि अधिकारी

नेपालसँग सिमाना जोडिएको भारतीय राज्य विहारमा विधान सभाको चुनाव भइरहेको छ । पहिलो चरणको मतदान बिहीबार भयो, दोस्रो (अन्तिम) चरण मंगलबार हुँदै छ । १३ करोड जनसंख्या भएको बिहारमा ७ करोड ४० लाख मतदाता छन् । २४३ प्रतिनिधि चुनिने छन् । चुनावी नतिजा नरेन्द्र मोदीको लोकप्रियताको परीक्षा पनि हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.



# कम्युनिस्ट पार्टीका नेताहरू काम चलाउ मात्रै भए

जेनजीको आन्दोलनपछि विच्छिप्त बनेका नेताहरू विस्तारै लयमा फर्कँदै गर्दा पार्टीहरू पुनर्गठन, पुनर्जागृत र एकीकृत हुनेक्रम पनि चलेको छ । कतिपय पार्टी एकीकरण हुँदा सोही पार्टीभित्र विद्रोह गर्ने नेता पनि छन् । जेनजी आन्दोलनको प्रभावस्वरूप भर्खरै नेपालका १० वामपन्थी दलबीच एकता भएसँगै नेपाली कम्युनिस्ट पार्टी निर्माण भएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसहित कम्युनिस्ट घटकका नेता एक ठाउँ भएका हुन् ।

तर उनीहरूमा नेता व्यवस्थापनको समस्या फेरि आउन सक्नेछ । पुराना नेता एकै ठाउँ रहँदा सत्ता र शक्तिका लागि पार्टी फुट, एकता र फेरि फुटको अवस्था बेहोरेर पाका भइसकेका नेताबीचको अल्कालीन एकता भए पनि दीर्घकालीन रूपमा नेता व्यवस्थापन कसरी हुन्छ ? र पार्टीलाई लामो समय सग्लो राख्न सकिन्छ कि सकिँदैन ? भन्ने चिन्ताको घेराभित्र नेताहरू छन् ।

नेपाली कम्युनिस्ट पार्टी पूर्वप्रधानमन्त्रीहरूको क्लब घरजस्तो बनेको नेकपा एकीकृत समाजवादी)का असन्तुष्ट पक्षले आरोप लगाएको छ । त्यस्तै, माओवादीका नेता जर्नादन शर्मा प्रभाकरसहितको सानो समूहले पार्टीमा विद्रोह नै गरिसकेका छन् । जेनजी आन्दोलनको भावनाअनुसार नेतृत्व हस्तान्तरण गर्ने र भ्रष्टाचारको अन्त्यका निमित्त काम गर्नुपर्ने चुनौती नेताहरूमाथि छँदै छ । पुराना दलका पुराना नेता एकीकरणका नाममा नयाँ पार्टी बनाए पनि उनीहरूको प्रवृत्ति सुध्रिएको देखिँदैन । यसै सन्दर्भमा रहेन नेपाली कम्युनिस्ट पार्टीका नेता **मेटमणि चौधरी**सँग मध्यान्हका लागि **जीवन शर्मा**ले गरेको कुराकानीको सम्पादित अंश :

■ **मेटमणि चौधरी नेता**, नेपाली कम्युनिस्ट पार्टी

**जेनजी आन्दोलनपछिको नेपाललाई कसरी हेर्नुभएको छ ?**

एउटा कुरा त अब जेन्जी आन्दोलनपछि नेपाल मनोवैज्ञानिक रूपमा एउटा कोर्समा प्रवेश गरेको छ । मुलुक अब समृद्धिको बाटोमा अगाडि बढ्नुपर्छ भन्ने कुरा नेपाली समाजले बुझेको छ । भ्रष्टाचारको अन्त्य र सुशासनका लागी सबैले मिलेर काम गर्नुपर्छ भन्ने कुराको चेतना यो आन्दोलनले दिएको छ । राजनीतिक दलहरूले यसलाई संस्थागत गर्दै जेनजी र आम नागरिकका भावनालाई प्रतिनिधित्व गर्नु पर्दछ ।

**मुलुकलाई सुशासनतर्फ अघि बढाउने र युवालाई जिम्मेवारी दिने कुरा नेपाली समाजले बुझ्यो भन्नुभयो । तर बुझ्नुपर्ने राजनीतिक दल र प्रशासनिक निकायले चाहि बुझेन र सुध्रिएको अवस्था पनि छैन, यो अवस्थामा भ्रष्टाचार कसरी रोकिन्छ ?**

एउटा कुरा त हामीले आफैं स्वघोषणा गर्ने कुरामा ध्यान दिनुपर्छ । यहाँले भनेको जस्तो पोलिटिकल पार्टीका नेताहरू अब आफूले करेक्सन गर्ने, म भ्रष्टाचार गर्दिनँ भन्ने खालको कमिटमेन्ट गर्ने ठाउँमा त पुगेका छैनन् होला । किनकि उनीहरूको बेहोरा त्यस्तै देखिन्छ । तर पनि युवाहरूको त्यो विषयमा ध्यान दिनुपर्छ । ४६ साल ४८ सालदेखि एउटै अनुहार टेलिभिजनमा हेर्दा मान्छेलाई राम्रो लागेको छैन । यो कुरा नेताहरूले बुझ्नुपर्छ । उहाँहरूले पनि अब हामी एक/दुई वर्षपछि छोड्नुपर्छ भन्ने ठाउँमा पुग्नुपर्छ ।

**पार्टीहरू त र नेताहरू सुध्रिएलान जस्तो लाग्छ तपाईंलाई ?**

हाम्रो नेता माधव नेपालले त मलाई बिदाइ दिनुस् भन्ने तरिकाले बोल्नुभएको थियो । यो सम्मेलनपछि हुने महाधिवेशनबाट म बिदा लिन्छु, पढ्छु, लेख्छु, डुल्छु, अनुभव बटुल्छु भन्ने तरिकाले कुरा गर्नुभएको छ । सम्भवतः कमरेड प्रचण्ड र उहाँको बीचमा यो सहमति भएको पनि छ । यद्यपि बाहिर ल्याइएको छैन । दुइटै नेताले अब छोड्ने नयाँ जेनेरेसनलाई दिनुपर्छ भन्ने ठाउँमा त हुनुहुन्छ । तर अब न्यु जेनेरेसनलाई सबै मान्छेले कति एक्सेप्ट गर्न सक्छन् ? जस्तै माओवादीका पक्षबाट को आउने हो ? हाम्रोतिरबाट को आउने हो ? सबैको साझा नेता (अध्यक्ष) बन्न त सबैले पत्याइदिनुपर्ने विश्वास गर्नुपर्ने मान्छे हुनुपर्‍यो नि । जो महाधिवेशन प्रतिनिधि हुन्छन्, क्याडर हुन्छ अथवा शुभचिन्तक हुन्छ, उहाँहरूलाई कन्फिडेन्स त हुनुपर्‍यो नि । त्यसले कुनै ठाउँ लगेर बिगारेन, भत्काउँदैन, भड्खालोमा हाल्दैन भन्ने विश्वासिलो व्यक्तित्व हुनुपर्‍यो ।

**पार्टी एकता पछाडि नेपाली कम्युनिस्ट पार्टी एउटा बलियो पार्टी बनेको छ । तर नयाा नेतृत्वको अभाव देखिन्छ होइन ?**

अब हामीजस्ता मान्छेले हिम्मत गर्नुपर्छ । म आजै यति ठुलो कम्युनिस्ट पार्टीको अध्यक्ष हुन्छु भन्ने त सोचेको छैन । तर हुनका लागि म अगाडि बढ्छु । अध्यक्ष हुन कार्यकर्ताको मन जित्नुपर्‍यो, त्यो भयो भने नयाँ नेतृत्व आउन सक्छ । तपाईं भएन भने हुँदैन भन्ने तरिकाले सोच्न थाल्यो भने उहाँहरू रिपिट हुन बाध्य हुनुपर्छ । भोलि अध्यक्ष हुन सक्ने सम्भावित पोस्टमा चाहिँ मेरो उम्मेदवार हुन्छ र त्यही तरिकाले मेरो भूमिका रहन्छ । आजै अध्यक्ष हुन थाल्यो भने मान्छेले पत्याउँदैन विश्वास पनि गर्दैन । इन्टरनेसनल पावर पनि छ उसले पनि मलाई पत्याउनुपर्‍यो । मैले अब अध्यक्ष बन्नका लागि आफूलाई स्थापित गर्ने र कार्यकर्ताको मन जित्ने कुरा गर्छु । मभन्दा सिनियर जो हुनुहुन्छ उहाँहरू पनि लाग्नुपर्‍यो । एक खालको दास मनोवृत्ति छ कि उसको विरोध गर्‍यो । हटाइदिन्छ भन्ने लाग्ने, उसको विरोध गर्‍यो आउने अवसर पनि पाइँदैन भन्ने पनि लाग्ने अनि त्यो कारणले उहाँले जेजे भन्छ उहाँले जति गल्ती गरे पनि तपाईं ठिक ठिक हो भन्ने जुन हाम्रो मनोविज्ञान छ । यसले कम्युनिस्ट पार्टी हाम्रो सिस्टम सबैलाई कमजोर बनाइराछ । म चाहिँ त्यो अभियानमा लाग्छु । बेठिक तरिकाले नेतालाई बिग्रिने बिगार्ने गरी बोल्नु हुन्न । आफ्नो एजेन्डा आफ्नो प्रस्ताव त राख्न पाइयो, त्यही प्रस्तावमार्फत जनता कार्यकर्तालाई कन्भिन्स गर्न सकियो भने नेतृत्व गर्ने ठाउँमा पुग्न सकिन्छ ।

**नेपाली कम्युनिस्ट पार्टीको एउटा सदस्य हुनुहुन्छ । तपाईंहरू माथि पनि सैद्धान्तिक वैचारिक विचलन देखियो भन्ने आरोप छ । यो आरोपबाट कसरी मुक्त हुनुहुन्छ ?**

अहिले त हामी कोही पनि नेता कार्यकर्ता राजनीतिक दलहरू सिद्धान्तमा आस्था राख्छौं सिद्धान्तमा विश्वास गर्छौं भनेर कसैले पनि धाक नलाए हुन्छ । मैले रूखमा भोट हालिसकेको छु । रूखले मलाई भोट हालिसकेको छ । सूर्यले गाईलाई हालिसकेको छ । गाईले सूर्यलाई हालिसकेको छ । अनि सूर्यले अनेकौं स्वतन्त्र व्यक्तिलाई राजासँग जोडिएका त्यस्ता ब्याकग्राउन्ड भएका मान्छेलाई समेत आफ्नो उम्मेदवार बनाएको छ । त्यसैले राजनीति निष्ठा दर्शन सिद्धान्त यो अहिले अलि बेकारका कुरा हुन् । तर के छ भने हामीजस्ता दर्शन सिद्धान्तमा विश्वास गर्ने मान्छेहरूले जति सकिन्छ त्यसमा ढाल्ने काममा लाग्नुपर्छ । त्यो प्रयास गर्नुपर्छ । कांग्रेसलाई भोट हालिसकेपछि म कम्युनिस्ट हुन सक्छु ? म पुँजीवादी ढाँटेर अगाडि बढे नि त । अथवा अर्कोले कसैले कसैलाई भोट हाल्यो, कांग्रेसले हामीलाई भोट हालिसकेको छ । ऊ कम्प्लिटली के डेमोक्रेट हो त ? त्यसैले यो अहिलेको अवस्थामा यहाँले गरेको प्रश्न ठिक छ । तर आजको दिनलाई हामीले प्रस्थान बिन्दु मानेर दर्शनमा आधारित हाम्रा व्यवहार, कार्यशैली, दृष्टिकोण र योजना बनाएर जानुपर्छ । अबको नेपाली समाजलाई दर्शन, सिद्धान्त, विचार, दृष्टिकोणमा आधारित कोर्सतर्फ अगाडि बढाउनुपर्छ ।

**पार्टी एकताले तपाईंहरूलाई क्षेत्रको हिसाबले र समग्र राजनीतिमा पनि फाइदै होला होइन ?**

व्यक्तिगत रूपमा त फाइदा किन नहुने, यति धेरै पार्टी एक ठाउँमा आइसकेपछि चुनाव जित्ने कुरा हुन्छ । सहयोग पनि छ । कार्यकर्ताहरू पनि उत्साहित भएर लाग्नुभएको छ । र यसले सिंगो कम्युनिस्ट आन्दोलनलाई पनि समृद्ध गर्ने कुरामा सबैलाई फाइदा हुन्छ । अहिले कम्युनिस्ट पार्टीका मान्छे पनि काम चलाउ मात्रै छन् । अहिलेको समस्या सम्बोधन गर्ने तर भोलि के हुन्छ त्यो विषयमा ध्यान नदिने नेता छन् । जब मान्छे दृष्टिविहीन दृष्टिमा च्युत हुन्छ त्यसपछि यस्तै खाले कम्प्रोमाइजका कुरा हुन्छ । सिंगो कम्युनिस्ट पार्टीले फाइदा हुनेगरी हामीले काम गर्नुपर्छ ।

**नेपाली कम्युनिस्ट पार्टीमा जेष्ठ नागरिक नेता जम्मा भएका छन् । उनीहरूको पद प्रतिष्ठाको लडाइमा फेरि पार्टी फुट्छ भन्ने लागेको छैन ? यसको आयुको कति हो भन्ने केही आाकलन गर्नुभएको छ कि ?**

विकास भन्ने चाहिँ द्वन्द्वबाटै हुन्छ र त्यहीबाट समृद्धि प्राप्त गर्ने हो । द्वन्द्वले नै एकता निर्माण गर्ने हो र यो सधैंभरि चलिरहने प्रक्रिया हो । आज हामी एकता गयौं भोलि विभाजन हुँदैनौं भन्ने हुँदैन । विभाजन हुन्छ फेरि अरू धारसँग जोडिन्छ । यसरी विभाजित हुँदै एकता गर्दै अगाडि बढ्ने हो । यो विकासको नियम पनि हो । समाज विकास, मानवको विकास यसरी नै अगाडि बढ्छ । तर अब जति सकिन्छ मिलेर अगाडि बढ्ने कुराका लागि एउटा फ्रेमिङ गर्ने त्यसैभित्र सबैलाई अटाउने कुरामा ध्यान दिन सक्यौं भने यो दीर्घकालीन हुन्छ । नभए फेरि विभाजन हुन्छ । यो त भोग्दै आइराखेका छौं नि । म आज नेपाली कम्युनिस्ट पार्टीमा छु । यसभन्दा अगाडी एकीकृत समाजवादीमा थिएँ । त्योभन्दा अगाडि नेकपा भएँ । त्यसभन्दा अगाडि एमाले थिएँ । त्यसभन्दा अगाडि माओवादी थिएँ । मेरो आफ्नै जीवनमा यति लामो विद्रोह र एकता गर्दै गर्दै आइपुगेको छु ।

## डडेल्धुराका प्रमुख मेलाहरू सम्पन्न, सांस्कृतिक उत्सवसँगै स्थानीय उत्पादन साटासाट

**दीपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २२ कात्तिक



सांस्कृतिक, धार्मिक र सामाजिक एकताको प्रतीक मानिने डडेल्धुराका प्रमुख मेलाहरू (जाँत) यस वर्ष कात्तिक महिनाभर मनाइएका छन् । भागेश्वर, उग्रतारा (देहिजाँत), बडाल र जगन्नाथ (खोले जाँत) लगायतका प्रसिद्ध मेला सम्पन्न भइसकेका छन् ।

यी मेलाहरूलाई आफन्तसँगको भेटघाट, स्थानीय उत्पादनको साटासाट र सामुदायिक मिलनको थलोका रूपमा लिइन्छ ।

**बडाल जाँत**

गन्यापधुरा गाउँपालिका-२ बडालमा रहेको लाटागन्याप देवताको पूजा-आराधनासँगै सुरु हुने बडाल जाँत यस वर्ष कात्तिक २७ गते सम्पन्न भएको हो ।

धार्मिक शक्ति र पारम्परिक चौलो नाचका कारण यो मेला सुदूरपश्चिमभर प्रसिद्ध छ । स्थानीयहरूले दाइन, दमाह, भोकर र रुइसिङ बजाउँदै ढाल-तरवार खेल्दै चौलो नाच्ने परम्परा कायम राखेका छन् । यस जाँतमा आज पनि गाउँका उत्पादन साटासाट गर्ने चलन निरन्तर रहँदै आएको छ ।

**भागेश्वर जाँत (धुरा)**

भागेश्वर गाउँपालिकामा रहेको ऐतिहासिक शिव मन्दिर 'धुरा'मा कात्तिक १८ गते मेला लाग्यो । वर्षमा दुई पटक आयोजना हुने यो मेला प्राकृतिक सुन्दरताबीच धार्मिक आस्थाको केन्द्र बनेको छ । मेला अवसरमा गाउँपालिकाले सार्वजनिक बिदा दिएको थियो ।

**उग्रतारा मेला (देहिजाँत)**

सुदूरपश्चिमको प्रसिद्ध शक्तिपीठ उग्रतारा भगवती मन्दिरमा कात्तिक १९ गते देहिजाँत सम्पन्न भयो । हरेक वर्ष कात्तिक शुक्ल पूर्णिमाका दिन लाग्ने यस मेलामा सुदूरपश्चिम, कर्णाली र भारतसम्मका भक्तजनको सहभागिता रहन्छ ।

परम्पराअनुसार छचोडा, खनमडा, दुमडा र जिलोडा गाउँबाट देउरोसहित मन्दिरमा पुगेपछि दिउँसो मेला औपचारिक रूपमा सुरु हुन्छ । बिहानैदेखि दाइन, दमाह, भोकर, शङ्ख र घण्टाका ध्वनिसँगै भगवतीको पूजा हुने चलन छ ।

**जगन्नाथ मेला (खोले जाँत)**

अजयमेरु गाउँपालिका-३ र ४ चिपुरमा पर्ने जगन्नाथ मेला (खोले जाँत) कात्तिक २२ गते सम्पन्न भयो। गुनपाल, चौडी, चिपुर र मड गाउँका भक्तजनहरूले देउरो बोकेर मन्दिर पुग्ने परम्परा यहाँ अझै जीवित छ । १५औं शताब्दीमा सुतार जातिले निर्माण गरेको भनिने जगन्नाथ मन्दिरमा प्रत्येक वर्ष हजारौं भक्तजन 'तिलाख' ग्रहणका लागि आउने गर्छन् ।

**संरक्षणको आवश्यकता**

जाँतहरू केवल धार्मिक उत्सव मात्र नभई स्थानीय पहिचान र समुदायबीचको सम्बन्ध मजबुत बनाउने माध्यम हुन् । तर पछिल्ला वर्षहरूमा युवापुस्ताको सहभागिता घट्दै गएको भन्दै स्थानीयहरू यस सांस्कृतिक सम्पदाको जर्गेना गर्न स्थानीय तहको पहल आवश्यक रहेको बताउँछन् ।

Cyprus मा रोजगार | E.G. Estiacyprus Private Employment Agency, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०६।२७ | चलानी नं. ६०२४७१६२ | LT.No. 330252

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६५,१७५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००/- |

अन्तर्वार्ता २०८२ कार्तिक ३० गते (16 November, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।

Shalma H. R. Overseas Pvt. Ltd.
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com
Gov. Lic. No. 1111/073/74

## क्यान्सर पीडित परियारद्वारा सहयोगको याचना

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २२ कात्तिक



रुकुम पश्चिमको बाँफिकोट-९ का २१ वर्षीय कर्णबहादुर परियार क्यान्सर रोगबाट ग्रस्त छन् । उनले उपचारका लागि भएको सम्पत्ति सबै बेचिसकेका छन् । अहिले उनको नाममा नागरिकता बाहेक अरू कुनै सम्पत्ति छैन । उनी वैदेशिक रोजगारीका लागि कतार गएका थिए । कतार पुगेको ६ महिनाभित्रै मेडिकल जाँचमा क्यान्सर पत्ता लागेपछि कम्पनीले नै उनलाई नेपाल फिर्ता पठाइदिएको उनका फुपाजु हेमराज परियारले जानकारी दिए ।

क्यान्सर पीडित परियारले आफ्नो उपचारका लागि आर्थिक सहयोग गरिदिन सबैमा अपिल गरेका छन् । सहयोग गर्न चाहनेले कर्ण बहादुर परियारको ९७०७९२०२४० नम्बरमा सम्पर्क गर्न अथवा प्रभु बैंकको खाता नम्बर २९६०२३०४५६४०००१० मा सहयोग गर्न सकिनेछ ।

Gandaki Province Government

**Ministry of Energy, Water Resources and Water Supply**

**Water Resources and Irrigation Development Division Office**

**Lamjung District, Nepal**

**Notice for Invitation of Online Bids**

**Date of publication: 2025-11-09 (2082-07-23 BS)**

This is to notify that an online Invitation for Bids (IFB) is published for the following projects on 2025-11-09 (2082-07-23 BS) in the e-GP system (https://bolpatra.gov.np/egp). Eligible bidders are invited to submit their bids electronically (hard copies are not allowed). For further Details, Bidders are requested to visit the WRIDDO, Besishahar, Lamjung office, or PPMO's website https://bolpatra.gov.np/egp.

**Details of Works:**

| S. N. | Contract I. D | Description and Location of Work | Estimated Amount (Without VAT and contingency) (NRs.) | Fee for bid document (NRs.) | Bid Security amount in (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NCB/03/WRIDDOL/BTIP/2082/83 | Construction of Canal and canal structures of Beltari IP, Madyanepal-2, Lamjung | 2589794.93 | 3000 | 65000 |
| 2. | NCB/05/WRIDDOL/CBIP/2082/83 | Construction of Canal and canal structures of Chardi Badhare IP, Madyanepal-4, Lamjung. | 2755569.15 | 3000 | 65000 |
| 3. | NCB/07/WRIDDOL/GKIP/2082/83 | Construction of Canal and Canal related structure of Gairikateri bansphohota barapirke IP, Dudhpokhari-2, Lamjung | 2587885.43 | 3000 | 65000 |
| 4. | NCB/08/WRIDDOL/PHIP/2082/83 | Construction of Canal and Canal related structure in Pangreharrabot IP, Rainas municipality-8, Lamjung | 2589422.11 | 3000 | 65000 |
| 5. | NCB/09/WRIDDOL/GKMKIP/2082/83 | Construction of Canal and Canal related Structure of Ghattekhola maajkulo IP, Besisahar-9, Lamjung | 2158290.40 | 3000 | 60000 |

**Division Chief**

# पोखरा रंगशालामा गुञ्जियो नेपथ्य



**पोखरा/मस–** नेपाल प्रिमियर लिग (एनपिएल) को फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सले आयोजना गरेको नेपथ्यको कन्सर्ट शुक्रबार साँझ पोखरा रंगशालामा भव्य रूपमा सम्पन्न भएको छ । 'क्रिकेटका लागि नेपथ्य' भन्ने नारासहित गरिएको उक्त कार्यक्रममा करिब १० हजार दर्शकको सहभागिता रहेको आयोजकले जनाएको छ ।

संगीत र खेललाई एउटै मञ्चमा ल्याउने उद्देश्यसहित आयोजना गरिएको कन्सर्ट सफलतापूर्वक सम्पन्न भएको पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले बताए। उनका अनुसार, 'कन्सर्ट आयोजना गर्ने सोच्दा धेरै चुनौती थिए, तर सबैको साथले सम्भव भयो । खेलकुद र संगीतबीच नयाँ सम्बन्ध जोडिएको छ ।'

नेपथ्यले करिब साढे दुई घण्टा लामो प्रस्तुति दिएर दर्शकलाई मन्त्रमुग्ध बनायो । 'ओ राम राम'बाट सुरु भएको कार्यक्रममा 'रेशम', 'तालको पानी', 'आँगनैभरि', 'भेडाको उनजस्तो', 'सिरानमा फोटो छ', 'छेक्यो छेक्यो' लगायत चर्चित गीत प्रस्तुत गरिए ।

देशप्रेम झल्काउने 'गाउँगाउँबाट उठ', 'रातो र चन्द्र सूर्य' जस्ता गीतहरूमा दर्शकहरू झन् उत्साहित बने ।

मुख्य गायक अमृत गुरुङले पोखरा रंगशालासँग आफ्नो पुरानो सम्बन्ध स्मरण गर्दै २०४० सालमा यहाँ दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता हेरेको बताए । उनले पोखरा एभेन्जर्सलाई आगामी एनपीएल संस्करणमा उत्कृष्ट प्रदर्शन गर्न शुभकामना दिए ।

कन्सर्ट हेर्न दर्शकहरूले टिकटको सट्टा जर्सी किन्नुपर्ने व्यवस्था गरिएको थियो। करिब ७ हजार जर्सी बिक्री भएको आयोजकको भनाइ छ । उक्त आम्दानी गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा क्रिकेट किट वितरणमा प्रयोग गरिने बताइएको छ ।

पोखरा रंगशालाभित्रको निर्धारित क्षेत्र सुरुदेखि अन्त्यसम्म खचाखच भरिएको थियो । धेरै दर्शक अघिल्लो दिनै टिकट सकिएको कारण बाहिरैबाट रमाउँदै थिए । पर्वतका राजन गुरुङ भन्छन्, 'छोरालाई लिएर आइपुगेको थिएँ, टिकट सकिएको रहेछ । आयोजकले थप टिकट दिन्छौं भनेका कारण पर्खिरहेका थियौं ।' कन्सर्ट हेर्न काठमाडौंदेखि कलाकार र लेखकहरू पनि पोखरा पुगेका थिए । हाँस्य अभिनेता जितु नेपाल परिवारसहित उपस्थित थिए भने सन्दीप क्षेत्री र लेखक कुमार नगरकोटी पनि दर्शकमाझ देखिए। नगरकोटीले भने, 'भर्खरै नेपथ्यको जीवनी पढेको थिएँ, प्रत्यक्ष कन्सर्ट हेर्न पाउँदा अनौठो अनुभव भयो ।'

कन्सर्ट अवधिभर गुरुङले राजनीतिक र सामाजिक सन्दर्भमा समेत बोले । उनले भने, 'परिवर्तनको पृष्ठभूमि तयार भइसकेकाले अब संयमित भएर अघि बढ्न आवश्यक छ । नयाँ पुस्ताले मतदाता नामावलीमा नाम लेखाएर देश निर्माणमा सहभागिता जनाउनुपर्छ ।'

पोखरा कन्सर्टपछि नेपथ्य अब जापान भ्रमणमा निस्कँदै छ। दुई सातासम्म चल्ने यात्राको पहिलो कार्यक्रम नागोयामा कात्तिक २७ गते हुनेछ । त्यसपछि टोकियोलगायत अन्य दुई सहरमा पनि नेपथ्यले प्रस्तुति दिनेछ । जापानी दर्शकले नेपथ्यको आधिकारिक वेबसाइटमार्फत अनलाइन टिकट बुक गर्न सक्ने व्यवस्था गरिएको छ ।

पोखरा एभेन्जर्सका अध्यक्ष त्रिपाठी भन्छन्, 'नेपथ्यसँग सहकार्य गर्न पाउनु हाम्रो गौरव हो । दर्शकको अपार प्रेमले हाम्रो टोलीलाई अझ उत्साहित बनाएको छ । अब खेलमैदानमा पनि त्यस्तै जोश देखिनेछ ।'

कन्सर्टमा नेपथ्यका अमृत गुरुङसहित ध्रुव लामा, सुबिन शाक्य, नीरज गुरुङ, शान्ति रायमाझी र दिनेशराज रेग्मीको टोलीले प्रस्तुति दिएको थियो । प्राविधिक शिविर शाक्यका अनुसार, 'जेनजी आन्दोलनपछिको परिस्थितिमा यस्तो ठूलो कन्सर्ट सम्भव भएकोमा यो आफैंमा एउटा माइलस्टोन हो ।'

# 'निर्मोही'लाई 'कन्हैया–अञ्जना राष्ट्रिय संगीत' पुरस्कार

**काठमाडौं/मस–** गायक कमल विके 'निर्मोही'लाई यस वर्षको 'कन्हैया-अञ्जना राष्ट्रिय सङ्गीत पुरस्कार-२०८२' द्वारा सम्मानित गरिएको छ ।

नेपाली गीतसंगीतमा उनले पुऱ्याएको दीर्घसाधना र उल्लेखनीय योगदानको कदर गर्दै काठमाडौंमा आयोजित विशेष समारोहमा रु ५१ हजार नगदसहित सम्मानपत्र र दोसल्लासहित उनलाई सम्मान गरिएको हो । गायक निर्मोही पछिल्ला वर्षहरूमा मिर्गौला रोगबाट पीडित रहँदा पनि निरन्तर सांगीतिक सिर्जनामा सक्रिय छन् । उनका 'बुलबुल तालैमा', 'आऊँ त भने', 'मैले भन्थें नि', 'सलल बग्ने', 'ताने झैं माया', 'अरू मैले', 'भेरी दोभान' र 'लाग्यो माया' जस्ता गीतहरू आज पनि श्रोतामाझ अत्यन्त लोकप्रिय छन् ।



चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले उनलाई सम्मान प्रदान गरे । पुरस्कारका संरक्षक गायक तथा संगीतकार कन्हैया सिंह परियारले पुरस्कारको मूल उद्देश्य नेपाली संगीतमा उल्लेखनीय योगदान पुऱ्याएका अग्रज स्रष्टा र कलाकारलाई जीवनकालमा सम्मान गर्ने रहेको बताए ।

चलचित्र विकास बोर्डका अध्यक्ष डिसीले 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार'ले गीतसंगीतमा आबद्ध कलाकारलाई दिइँदै आइएको नगद राशिसहितको पुरस्कार प्रेरणादायी रहेको भन्दै प्रशंसा गरे ।

**साउदीमा रोजगार**
कम्पनी : Ahmed Bin Mohammed Bin Farraj Grocery in Al Hareth — शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ — चलानी नं.: ६०२४७१७९ — L.T. No.: 333490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Duty Truck Drivers B (D.D.) | 1 | 0 | | 2500 | ९४,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक ३० गते (16 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Chartered Global Human Resources Pvt. Ltd.
Tokha-10, Kathmandu, Tel.: 01-4988226, 4980114, Mo.: 9851249861
9851249859, 9813756198 Email: info@cg-hr.com, Web: www.cg-hr.com
श्रम इजाजत नं. १३४७/०७४/०७५

**Kuwait रोजगार** United Dublin General Contracting Company
पुर्व स्वीकृती मिति: २०८२/०७/२१ — चलानी नं. ६०२४७१५९ — LT No.: 333408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|---|
| १. | Ceramic Worker | 13 | 0 | [illegible] | 130 | ५९,९१५।- |

अन्तरवार्ता २०८२ कार्तिक ३० गते (16 Nov., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001 | 4970002 | 4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०७/२३**

यस कार्यालयबाट मिति २०८२/०५/१० र २०८२/०६/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा E-Bidding मार्फत बोलपत्र आव्हान गर्दा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Items | Bidder's Name & Address | Bid Amount (without p.s. &VAT ) |
|---|---|---|---|---|
| 1. | RMY/ NCB/02/082/083 | Dhiraj Baral ko Ghar Dekhi Ambika Karkiko Ghar Samma Jane Bato Dhalan, Kaushal Dhunganako Ghar Dekhi Kalash Party Palace Samma Bato Interlock | Rajan Construction, Budhiganga-4, Morang | NRs.37,57,076.13 |
| 2. | RMY/ NCB/03/082/083 | Pipraha dekhi khane Pani bato (dewan khadka) kalopatre kramagat , Purwa singya tol bato kalopatre | Goodwill Construction, Gadhi -1, Sunsari | NRs.37,49,372.23 |
| 3. | RMY/ NCB/04/082/083 | Patthardewa Rampura Jodne Sadak Kalopatre,Nabaraj khadka (sano) ko ghar agadiko bato star unnati,Kedar Dahalko Khet dekhi Dakshin Krishna Katuwalko Ghar samma jane bato kalopatre | Goodwill Construction, Gadhi -1, Sunsari | NRs.61,79,497.28 |
| 4. | RMY/ NCB/05/082/083 | Sunsari Jilla Indreni Tol Dekhi Bayarban Tol Samma Jane Bato Ramdhuni Na Pa-5, Bishnu Poudel ko Ghar Dekhi Uttar tarf Batoma Kalopatre | Pratik and Gayetri Construction, Budhiganga-3, Morang | NRs.26,62,798.43 |
| 5. | RMY/ NCB/06/082/083 | Sisuwa dekhi jamuwa jane bato kalopatre wada no 6 / Binod rajdhami ko ghar dekhi shankarbeli jane bato kalopatre | Namuna Construction, Barahakshetra-5, Sunsari | NRs.49,36,138.35 |

प्रमुख प्रशासकीय अधिकृत

## Government of Nepal
## President Chure-Terai Madhesh Conservation Development Board
## Program Implementation Unit
Salakpur, Morang

### Invitation for Electronic Bids

**Date of Notice Publication: 9th November, 2025**

